# अध्याय : एक

# शोध परिचय

## पृष्ठभूमि

भाषा विचार विनिमयको सर्वश्रेष्ठ साधन हो । यो ध्वन्यात्मक वाक्प्रतीकको समूह भएकाले यसको आधारभूत सम्बन्ध उच्चारण अवयव र मौखिक रूपसँग रहेको हुन्छ (भूषाल, २०७५, पृ.२) । भाषा विज्ञान विज्ञानको त्यो शाखा हो, जसमा भाषासँग सम्बन्धित सम्पूर्ण तथ्यपूर्ण  खोजहरूको विश्लेषण गरिएको हुन्छ (भुषाल, २०७५ पृ. १७) । सामान्य भाषा विज्ञानको पृष्ठभूमिलाई आधार मानेर भाषामा देखापरेका यावत समस्याहरूको समाधानमा प्रायोगिक भाषा विज्ञान अघि बढ्छ । प्रायोगिक भाषा विज्ञानले भाषा शिक्षणसँग सम्बन्धित समस्याको समाधानमा उपायहरू खोजी आफ्नो दायरा सबै प्रायोगिक क्षेत्रहरूमा पुऱ्याएको देखिन्छ । प्रायोगिक भाषा विज्ञानको मुख्य लक्ष्य भाषा वैज्ञानिक सिद्धान्त एवम प्रणालीको प्रयोग हो । यसद्वारा भाषाको समस्याहरू पत्ता लगाई समाधानको उपाय खोजिन्छ; जुन भाषाबाहेकका विषय क्षेत्रहरूको अनुभवसँग सम्बद्ध हुन्छ (पोखरेल र काफ्ले, २०७४ पृ. ३) । भाषाको आफ्नै ध्वन्यात्मक, व्याकरणात्मक र अर्थतात्त्विक व्यवस्था हुने भएकाले यसलाई महत्त्वपूर्ण माध्यमको रूपमा लिइन्छ ।

मानव जातिको विचार आदानप्रदानको उत्कृष्ट साधनको रूपमा रहेको भाषालाई भाषिक कुशलता प्राप्तिका लागि सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिपलाइ मुख्य अधारबिन्दु मान्दै गरिने व्यावहारिक प्रवृत्तिको शिक्षणलाई भाषा शिक्षण भनिन्छ  (पोखरेल र काफ्ले, २०७४ पृ. ३) । भाषिक सिपको शिक्षण नै भाषा शिक्षण भएकाले भाषाका सैद्धान्तिक ज्ञानलाई भाषा शिक्षणका साधनका रूपमा उपयोग गरिन्छ । भाषा शिक्षणका चार सिप सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिपमध्ये लेखाइ पछिल्लो र महत्त्वपूर्ण लेखाइ विधा शिक्षणको रूपमा चिठी लेखन रहेको छ । मौखिक रूपमा विचार विनिमय गर्न नसक्ने स्थितिमा विचारका आदान प्रदान गर्न लेखाइ आवश्यकता पर्दछ । चिठी लेखन अभिव्यक्ति कलाको विशिष्ट अङ्ग हो । यसमा मानिसले आफ्ना विचार, भावना र सन्देशलाई अभिव्यक्त गर्दछ अनि आफ्ना आवश्यकता र आकाङ्क्षालाई प्रस्तुत गर्दछ । चिठीले मानिस-मानिस विचको भावनात्मक सम्बन्धलाई गाँस्ने काम गर्छ (भट्टराई र ढुङ्गेल, २०७६ पृ. ३४९) । कुनै पनि विचार, विषयवस्तु आदिको जानकारी एक ठाउँबाट अर्को ठाउँमा पुऱ्याउने माध्यम चिठी हो । चिठी लेख्य विधाअन्तर्गत पर्दछ । चिठीका घरायसी, कार्यालयीय र व्यापारिक भेद हुन्छन् । यसको प्रयोग औपचारिक र अनौपचारिक दुवै सन्दर्भमा प्रयोग गरिन्छ (पोखरेल र काफ्ले, २०७६, पृ. ३९) । चिठी

लेखनलाई समाचार, सूचना, मनोभाव आदि व्यक्त गर्ने कला मानिन्छ । यसअन्तर्गत निजी कुरा, हालखबर, सूचना, माग, निवेदन, निमन्त्रणा, प्रशंसा, अभिनन्दन आदि तयार गरिन्छ ।

चिठी लेखन शिक्षणलाई विद्यालय शिक्षाको तल्लो तहदेखि माथिल्लो तहसम्म पाठ्यक्रममा समावेश गरिएको छ । *कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको चिठी लेखन क्षमताको अध्ययन* शीर्षकमा आधारित भई मकवानपुर जिल्लाका जम्मा आठ ओटा संस्थागत र सामुदायिक विद्यालयका विद्यार्थीहरूलाई नमुनाको रूपमा लिएर यस शोधपत्र तयार गरिएको छ । चिठीको माध्यमद्वारा लेखन सिपलाई रूचिपूर्ण बनाउनका साथै विद्यार्थीहरूमा सिर्जनात्मक र कल्पनात्मक क्षमताको विकास गराई लेखनकार्यप्रति रूचि जगाउन निकै सहज हुने भएकोले कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको चिठी लेखन क्षमता पहिचान गर्नका लागि यो शीर्षक उपयुक्त र सान्दर्भिक रहने देखिन्छ । उल्लिखित कुराहरूलाई मध्यनजर गर्दै मकवानपुर जिल्लाका ८ ओटा विद्यालयका विद्यार्थीहरूलाई आधार बनाएर कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको चिठी लेखन क्षमताको अध्ययन स्नातकोत्तर तहको प्रयोजनका लागि प्रस्तुत शोधकार्य गरिएको छ ।

## समस्याको कथन

अनुसन्धानका निम्ति छनोट गरिएको कुनै पनि अनुसन्धेय विषयवस्तुलाई नै समस्याको रूपमा प्रस्तुत गरिन्छ । अनुसन्धान कार्यका सिलसिलामा ‘समस्या’ भन्नाले अनुसन्धेय समस्या अथवा अनुसन्धानको विषयवस्तु भन्ने बुझ्नुपर्छ (बन्धु २०६५ पृ. १७) । समस्या कथन मौलिक, सरल, स्पष्ट र सङ्क्षिप्त किसिमको हुनुपर्दछ । समस्या कथन अनुसन्धान गरिने विषयवस्तुका बारेमा राखिएको प्रश्न, जिज्ञासा तथा समस्यालाई समाधानतर्फ लक्षित हुनुपर्दछ ।

विद्यार्थीको चिठी लेखन क्षमता अध्ययन गर्नु नै प्रस्तुत शोधपत्रको प्रमुख समस्या हो । मकवानपुर जिल्लाको कक्षा नौमा अध्ययनरत विद्यार्थीहरुको चिठी लेखन क्षमताको अध्ययन शीर्षकको शोधपत्र तयारीको क्रममा निम्न समस्यालाई आधार लिइएको छ । उक्त समस्यालाई मूल रूपमा लिई निम्न समस्यागत उप प्रश्नहरूको निर्माण गरिएको छ :

(क) कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको चिठी लेखन क्षमता कस्तो छ ?

(ख) सामुदायिक र संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरूमा चिठी लेखन क्षमताको स्थिति कस्तो छ ?

(ग) भाषिक पृष्ठभूमिको आधारमा विद्यार्थीहरूको चिठी लेखन क्षमता कस्तो छ ?

(घ) लिङ्गका आधारमा चिठी लेखन क्षमताको तुलनात्मक स्थिति कस्तो छ ?

## अध्ययनका उद्देश्यहरू

प्रस्तुत समस्या समाधानका लागि निम्न लिखित उद्देश्य निर्धारण गरिएका छन् :

(क) कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको चिठी लेखन क्षमताको पहिचान गर्नु,

(ख) सामुदायिक र संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको चिठीलेखन क्षमताको तुलना गर्नु,

(ग) भाषिक पृष्ठभूमिको आधारमा नेपाली मातृभाषी र नेपाली विमातृभाषी विद्यार्थीहरूको चिठी लेखन क्षमताको तुलना गर्नु,

(घ) लिङ्गका आधारमा विद्यार्थीहरूको चिठीलेखन क्षमताको तुलना गर्नु ।

## परिकल्पना

### विद्यालयको प्रकृतिको आधारमा

शून्य परिकल्पना ($H_0$) : सामुदायिक विद्यालयका विद्यार्थीहरू र संस्थागत विद्यालयका विद्यार्थीहरूको चिठी लेखन क्षमतामा कुनै पनि प्रमुख फरक छैन ।

वैकल्पिक परिकल्पना ($H_1$) : सामुदायिक विद्यालयका विद्यार्थीहरू र संस्थागत विद्यालयका विद्यार्थीहरूको चिठी लेखन क्षमतामा प्रमुख फरक छ ।

### भाषाको आधारमा

शून्य परिकल्पना ($H_0$) : भाषिक पृष्ठभूमिको आधारमा विद्यार्थीहरूको चिठी लेखन क्षमतामा कुनै पनि प्रमुख फरक छैन ।

वैकल्पिक परिकल्पना ($H_1$) : भाषिक पृष्ठभूमिको आधारमा विद्यार्थीहरूको चिठी लेखन क्षमतामा प्रमुख फरक छ ।

### लिङ्गको आधारमा

शून्य परिकल्पना ($H_0$) : लिङ्गको आधारमा विद्यार्थीहरूको चिठी लेखन क्षमतामा कुनै पनि फरक छैन ।

वैकल्पिक परिकल्पना ($H_1$) : लिङ्गको आधारमा विद्यार्थीहरूको चिठी लेखन क्षमतामा प्रमुख फरक छ ।

## अध्ययनको औचित्य

भाषिक सिप विकासका लागि विद्यालय तहमा विभिन्न विधाहरूको पठनपाठन गरिन्छ । लेखाइ सिप भाषिक सिपहरूमध्ये अन्तिम र महत्त्वपूर्ण सिपका रूपमा लिइन्छ । लेखाइ सिपको विकासको लागि चिठी लेखन प्रकृयाको आफ्नै किसिमका महत्त्व रहेको हुन्छ । विद्यालय तहमा प्रारम्भिकदेखि माथिल्लो तहसम्म लेखाइ सिपको विकास गर्दै लगेको पाइन्छ । चिठी लेखनकार्य विद्यार्थीहरूको लेखाइ क्षमतामा भर पर्ने कुरा भएकोले प्रस्तुत शोध कार्यका लागि मकवानपुर जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूले चिठी  लेखन कार्यलाई कसरी लिएका छन् भन्ने कुरा महत्त्वका साथ शोध कार्यले स्थापित गराउने छ । यस शोध शीर्षकमा उठाइएको विषय शोध अनुसन्धानका लागि यथेष्ठ सामग्री हुने भएकोले विषय विस्तार एवम् गहिराइमा पुगेर अनुसन्धान गर्न सकिने निश्चित छ ।

अनुसन्धान मकवानपुर जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको हालसम्म मकवानपुर जिल्लामा हालसम्म प्रस्तुत शोध कार्यमा कुनै पनि अनुसन्धान नभएको हुँदा सो आवश्यकता परिपूर्तिका लागि पनि यसको औचित्य रहेको छ । जसले समयानुकूल पाठ्यक्रम, पाठ्यसामाग्री, शिक्षण प्रक्रिया, पद्धतिको परिमार्जन गर्दै लैजान, विद्यार्थीहरूको भाषिक लेखन सम्बद्ध कमीकमजोरीमा पृष्ठपोषण दिन तथा यस सम्बन्धी अध्ययन अनुसन्धानमा लाग्नेहरुका लागि थप सहयोग मिल्ने अपेक्षा राखिएको हुँदा यस शोधकार्यको औचित्य रहेको छ ।

## अध्ययनको सीमाङ्कन

प्रस्तुत अध्ययनका शीर्षकले व्यापक क्षेत्र ओगट्ने भए पनि विविध व्यावहारिक कठिनाइका कारण अध्ययनको व्यापकता र गहिराइलाई निश्चित क्षेत्रमा सीमित गर्नुपरेको छ । त्यसैले मकवानपुर जिल्लाका सम्पूर्ण विद्यालयका कक्षा ९ मा अध्ययनरत ५ जना विमातृभाषी र ५ जना मातृभाषी तथा ५ जना छात्र र ५ जना छात्रा हुने गरी विद्यार्थीहरूवाट सामग्री सङ्कलन गर्न अध्ययनको क्षेत्र तथा सीमालाई निम्नानुसार प्रस्तुत गरिएको छ :

(क) प्रस्तुत अध्ययनमा मकवानपुर जिल्लाको स्थानीय तहहरू मध्ये एक उपमहानगरपालिका र एक गाउँपालिका भित्रका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको चिठी लेखन क्षमता मात्र सीमित रहेका छन् ।

(ख) विद्यालयको प्रकृतिको आधारमा चार ओटा सामुदायिक र चार ओटा संस्थागत गरी जम्मा आठ ओटा विद्यालयलाई मात्र समावेश गरिएको छ ।

(ग) हेटौँडा उप-महानगरपालिका र मनहरी गाउँपालिका अनतर्गतका सामुदायिक र संस्थागत विद्यालयवाट आधारभूत तह पूरा गरेका विद्यार्थीहरूमा अनुसन्धान सीमित गरिएको छ ।

(घ) मकवानपुर जिल्लाका हेटौँडा उप-महानगरपालिका र पश्चिमी क्षेत्र मनहरी गाउँपालिका भित्रका सामुदायिक र संस्थागत विद्यालयमा आधारभूत तह पूरा गरेका मातृभाषी ५ र विमातृभाषी ५ जना छात्र र छात्राहरूमा अनुसन्धान सीमित रहेको छ ।

(ङ) आधारभूत तह पूरा गरेका ५ जना छात्र र ५ जना छात्राहरूको चिठी लेखन क्षमतासँग केन्द्रित रहेको छ ।

## अध्ययनको रूपरेखा

शोधपत्रको संरचनालाई व्यवस्थित बनाउनको लागि शोधको रूपरेखा निम्नानुसार रहेका छन् :

### अध्याय एक : शोध परिचय

यस अध्यायको शीर्षक शोध परिचय अन्तर्गत पृष्ठभूमि, समस्याको कथन, अध्ययनका उद्देश्यहरू, अध्ययनको औचित्य, अध्ययनको सीमाङ्कन र अध्ययनको रूपरेखा उपशीर्षकहरूमाथि चर्चा गरिएको छ ।

### अध्याय दुई : पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा

यस अध्यायको शीर्षक पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणाअन्तर्गत पुस्तक पुनरावलोकन, शोध पुनरावलोकन, सैद्धान्तिक अवधारणा, लेखाइ सिप र चिठी लेखन, लेखाइ सिपको आवश्यकता र महत्त्व, लेखाइ सिपको विकासमा चिठी लेखनको स्थान, विद्यालय तहमा चिठी शिक्षणको प्रयोजन, विद्यालय तहका वर्तमान पाठ्यक्रमहरूमा चिठीको स्थान र शिक्षण प्रकृया उपशीर्षकहरूमाथि चर्चा गरिएको छ ।

### अध्याय तिन : शोधविधि तथा प्रक्रिया

यस अध्यायको शीर्षक शोधविधि तथा प्रक्रियाअन्तर्गत जनसङ्ख्या र नमुना छनोट, प्रतिनिधि नमुना छनोट, सामग्री निर्माण तथा सङ्कलन, प्राथमिक स्रोत, द्वितीयक स्रोत, तथ्याङ्कको तालिकीकरण, व्याख्या र विश्लेषण उपशीर्षकहरूमाथि चर्चा गरिएको छ ।

**अध्याय चार : व्याख्या विश्लेषण**

यस अध्यायको शीर्षक व्याख्या विश्लेषणअन्तर्गत प्रतिशतका आधारमा समग्र विद्यार्थीहरूको चिठी लेखन क्षमताको विवरण, सामुदायिक विद्यालयका विद्यार्थीहरूको चिठी लेखन क्षमताको विवरण, संस्थागत विद्यालयका विद्यार्थीहरूको चिठी लेखन क्षमताको विवरण, भाषिक पृष्ठभूमिको आधारमा नेपाली मातृभाषी विद्यार्थीहरूको चिठी लेखन क्षमताको विवरण, भाषिक पृष्ठभूमिको आधारमा नेपाली विमातृभाषी विद्यार्थीहरूको चिठी लेखन क्षमताको विवरण, लिङ्गका आधारमा छात्रा विद्यार्थीहरूको चिठी लेखन क्षमताको विवरण, लिङ्गका आधारमा छात्र विद्यार्थीहरूको चिठी लेखन क्षमताको विवरण, हेटौँडा उपमहानगरपालिका भित्रका सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको चिठी लेखन क्षमताको विवरण, मनहरी गाउँपालिका भित्रका सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको चिठी लेखन क्षमताको विवरण लगायत त्यसै गरी यस अध्यायको शीर्षक तुलनात्मक अध्ययनअन्तर्गत परिचय, सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको चिठीलेखन क्षमताको तुलना, भाषिक पृष्ठभूमिको आधारमा नेपाली मातृभाषी र नेपाली विमातृभाषी विद्यार्थीहरूको चिठी लेखन क्षमताको तुलना, लिङ्गका आधारमाा छात्र तथा छात्राहरूको चिठी लेखन क्षमताकाो तुलना, हेटौँडा उपमहानगरपालिका र मनहरी गाउँपालिका भित्रका विद्यार्थीहरूको चिठी लेखन क्षमताको तुलना उपशीर्षकहरूमाथि चर्चा गरिएको छ ।

**अध्याय पाँच : निष्कर्ष र सुझावहरू**

यस अध्यायको शीर्षक निष्कर्ष र सुझावहरू अन्तर्गत सुझावहरू, उपयोगिता, नीतिगत उपयोगिता, प्रयोगगत उपयोगिता उपशीर्षकहरूमाथि चर्चा गरिएको छ ।

# अध्याय : दुई

# पूर्वकार्यको समीक्षा

अनुसन्धानका सिलसिलामा सम्बन्धित विषयमा त्यसअघि सम्पन्न गरिएका कार्यहरू (पुस्तक, लेख, प्रबन्ध, प्रतिवेदन, आदि) को व्यवस्थित रूपमा अध्ययन गरी ती सबै कार्यको क्रमबद्ध समीक्षा गर्नु नै पूर्वकार्यको समीक्षा हो (बन्धु , २०६५ पृ. २८) । पूर्वकार्यको समीक्षा बिना शोधार्थीले शोधकार्यमा अपनाउनुपर्ने तरिका र समस्याहरूको सहज समाधान गर्न कठिन हुने गर्छ । पूर्वकार्यको समीक्षाले शोधार्थीलाई समस्याको विशिष्टीकरण गर्न, सैद्धान्तिक पृष्ठभूमि तयार गर्न तथा अवधारणा स्पष्ट पार्न, प्राकल्पना निर्माण गर्न, पुनरावृत्तिका सम्भावना हटाउन, सम्भावित त्रुटिहरूबाट जोगिन, नयाँ एवम् उपयुक्त प्रविधि अपनाउन, विश्लेषणको आधार खोज्न शोधको आवश्कता बोध गराउन सहज बनाउँछ ।

यस शोधका क्रममा विभिन्न विद्वानहरुले तयार पारेको विभिन्न तहका पाठ्यपुस्तकहरु तथा चिठी लेखन क्षमताका अध्ययन सम्बन्धी शोध प्रतिवेदनहरुको चर्चा गर्ने प्रयास गरिएको छ । यहाँ निम्नानुसार पूर्वकार्यहरुको समीक्षा गरिएको छ :

पुस्तक पुनरावलोकन
शोध पुनरावलोकन

## पुस्तक पुनरावलोकन

अधिकारी (२०६३, पृ.९६) द्वारा *नेपाली भाषा शिक्षण* शीर्षक पुस्तक वि.एड. तेस्रो वर्षको लागि पठनपाठनका लागि प्रयोजनमा ल्याइएको छ । जसमा लेखाइ शिक्षण अध्ययनमा लेखाइ शिक्षणको महत्त्व र आवश्यक्ता, लेखाइको अन्य सीपसँगको सम्बन्ध, लेखाइको प्रयोजनपरक तह, लेखाइमा पाइने कमजोरी र त्रुटि क्षेत्रहरू, लेखाइ शिक्षणका कार्यकलापहरू, लेखाइ शिक्षणमा ध्यान दिनुपर्ने कुराहरू आदिका बारेमा चर्चा गरिएको छ । लेखाइ शिक्षण कार्यकलाप अन्तर्गत चिठी लेखनसम्बन्धी सूचनालाई चर्चा गरिएको छ । शोध कार्यमा महत्त्वपूर्ण योगदान दिन सक्ने यो पुस्तकमा चिठी लेखनमा खास ढङ्ग, ढाँचा विशेष महत्त्व रहने कुरा उल्लेख गरिएको हुँदा उक्त पुस्तक पठनबोध र अवलोकन गरी विद्यार्थीका कमी कमजोरी औँल्याई सुझावका निम्ति प्रेरणा दिने भएकाले यस शोध कार्यका लागि उपयोगी रहेको छ ।

ढकाल (२०७५, पृ.७९) *नेपाली भाषा शिक्षण परिचय प्रयोग* शीर्षक पुस्तक जसमा लिखित अभिव्यक्ति शिक्षणका कार्यकलापहरू समाविष्ट गरिएको छ । उक्त पुस्तक एम.एड. तेस्रो सेमेस्टरमा पठनपाठनका लागि प्रयोजनमा ल्याइएको छ । जहाँ चिठीलाई मुख्यतया व्यक्तिगत र कार्यलयीय गरी दुई भागमा रहने उल्लेख छ । यस पुस्तकमा चिठी लेखन अभ्यास पूर्व पाठमा आधारित भएर शब्दोच्चारण, सस्वरवाचन, शब्दार्थ बोध, व्याकरणको यथोचित अभ्यासपश्चात चिठी लेखन र शिक्षणसम्बन्धी केन्द्रित रहेर चर्चा गरिएको हुँदा यो पुस्तक यस भाषिक अनुसन्धानका क्रममा स्रोत सामग्रीको रूपमा उपयोग हुने देखिन्छ ।

ढकाल र खतिवडा (२०७५, पृ.३८) द्वारा *लिखित भाषिक विधा शिक्षण* नामक शीर्षकमा पाठ्यपुस्तक प्रकाशन गरिएको छ । यो पुस्तक विशेष गरी एम.एड. तेस्रो सेमेस्टरमा अध्ययनरत विद्यार्थीहरूको पठनपाठनका लागि तयार पारिएको हो । यस पुस्तकमा भाषिक सिप विकासका दृष्टिले विविध साहित्यिक र साहित्येतर विधा शिक्षणका विशिष्ट प्रयोजन र प्रकृया एकाइ दुईमा चिठी, निवेदन शिक्षण प्रयोजन र प्रक्रिया विषयमा आधारित भई चिठी व्यावहारिक लेखन सिप विकास गराउने उपकरण भएकाले यसमा आफन्तलाई आफ्ना समाचार लेखेर पठाउने तरिका बोध गराउने जस्ता कुराहरू समावेश गरिएका छन् । जुन स्रोत सामग्रीको रूपमा यो पाठ्यपुस्तक प्रयोग गरिएको छ । यो पुस्तकमा चिठी लेखनको तरिका ढाँचा, प्रयोजन र प्रकारहरूको उल्लेख गरिएको हुँदा प्रस्तुत शोध कार्यका लागि उपयोगी रहेको छ ।

लम्साल र खनाल (२०७६) द्वारा *नेपाली भाषा शिक्षण* शीर्षकमा पुस्तक प्रकाशन गरिएको छ । जसमा शिक्षाशास्त्र सङ्काय चार वर्षे स्नातक तेस्रो वर्षका लागि शिक्षण कार्यको प्रयोजनमा ल्याइएको छ । उक्त नेपाली भाषा शिक्षण पुस्तकमा एकाइ नौमा लेखाइ शिक्षण शीर्षकमा लेखाइ शिक्षणको परिचय, माध्यमिक तहमा लेखाइ शिक्षणको कार्यकलापअन्तर्गत चिठी वा निवेदन लेखनका क्रममा चिठीका केही ढाँचा, पठन र अवलोकन गरी विद्यार्थीका कमीकमजोरी औँल्याई सुझावका लागि उत्प्रेरणा दिनु पर्ने जस्ता कुरा उल्लेखनीय छन् । उक्त पुस्तकमा प्रस्तुत शोध कार्यसँग सम्बन्धित चिठी वा निवेदन लेखनका ढाँचा, प्रकार र लेखन तथा अभिव्यक्ति सिपसँग सम्बद्ध विषयमा प्रष्ट्याएको हुँदा प्रस्तुत शोध कार्यका लागि उपयोगी हुने देखिन्छ ।

## शोध पुनरावलोकन

गौतम (२०७०) द्वारा *मकवानपुर जिल्लामा कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको चिठीलेखन क्षमताको अध्ययन* शीर्षकमा शोधपत्र तयार पारिएको छ । स्नातकोत्तर प्रयोजनका लागि तयार पारिएको यस शोधपत्रमा कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको चिठी लेखन क्षमताको पहिचान गर्नु, सरकारी र निजी विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको चिठी लेखन क्षमताको स्थिति पहिल्याउनु, भाषिक पृष्ठभूमिका आधारमा नेपाली मातृभाषी र नेपाली विमातृभाषी विद्यार्थीहरूको चिठी लेखन क्षमताको स्थिति पहिल्याउनु, लैङ्गिक आधारमा विद्यार्थीहरूको चिठी लेखन क्षमताको स्थिति बताउनु जस्ता उद्देश्यहरू रहेका छन् । सर्वेक्षण विधि र वर्णनात्मक विधिको उपयोग गरी मकवानपुर जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीको चिठी लेखन क्षमताको अध्ययनका लागि सम्पूर्ण मकवानपुर जिल्लाको प्रतिनिधित्व हुने गरी सरकारी र निजी क्षेत्रबाट सञ्चालित ४/४ ओटा विद्यालयबाट १०/१० जना विद्यार्थीहरूका दरले जम्मा ८० जना विद्यार्थीहरूलाई प्रतिनिधि जनसङ्ख्याको रूपमा लिइएको छ । शिक्षकलाई पनि नमुनाको रूपमा छनोट गरिएको छ । समसामयिक विषयलाई चिठी लेखनको प्रश्नको रूपमा प्रस्ताव गरिएको उक्त शोधपत्रमा मकवानपुर जिल्लाका ४ सरकारी र ४ संस्थागत छनोटमा परेका विद्यालयमा गई प्राथमिक स्रोत सामग्रिको तथ्याङ्क सङ्कलन गरी कक्षा आठमा अध्ययनरत मकवानपुर जिल्लाका विद्यार्थीहरू सङ्कलन गरिएका चिठीको मूल्याङ्कन गरिएको देखाइएको छ । उक्त अध्ययनमा ६० प्रतिशतभन्दा माथि चिठी लेखन क्षमता भएका विद्यार्थीहरूको ६२.५ देखिएको पुष्टि गरेको छ । गा.वि.स. का भन्दा नगरभित्रका विद्यार्थीहरूको चिठी लेखन क्षमता उच्च देखिन्छ । छात्रा विद्यार्थीको तुलनामा छात्रहरू सक्षम देखिन्छ ।

नेपाली विमातृभाषी विद्यार्थीका तुलनामा नेपाली मातृभाषी विद्यार्थीहरूको चिठी लेखन क्षमता उच्च देखिन्छ । लिङ्गका आधारमा छात्रा समूहका विद्यार्थीहरू छात्रा समूहका विद्यार्थीहरूको तुलनामा केही सक्षम देखिन्छन् । चिठीको सामान्य ढाँचा, भाषिक, शुद्धता, शिल्प शैली, चिठी लेखनको सङ्गठनात्मक ढाँचा आदि पक्षमा विद्यार्थीहरूको अवस्था राम्रो भए पनि अभ्यासको कमीले सिर्जनात्मक अभिव्यक्ति क्षमता विकास गर्दै लेखाइ सिपमा सक्षम बनाई चिठी लेखन शिक्षणलाई व्यवस्थित बनाउन उपयुक्त किसिमको पाठयोजना, कक्षा व्यवस्थापन एवम् सहभागितामूलक शिक्षण गर्नुपर्ने निष्कर्ष निकालिएको छ ।

यस शोध अध्ययनबाट चिठी लेखनको सामान्य ढाँचा, भाषिक शुद्धता, शिल्प शैली, समस्या आदिको व्याख्या गरिएको हुँदा प्रस्तुत शोधकार्यलाई अघि बढ्न सहजता निर्माण गर्ने देखिन्छ ।

रिजाल (२०७१) द्वारा *मकवानपुर जिल्लामा कक्षा दसमा अध्ययनरत विद्यार्थीहरूको चिठी लेखन क्षमताको अध्ययन* नामक शीर्षकमा शोधकार्य पूरा भएको छ । स्नातकोत्तर प्रयोजनका लागि तयार पारिएको यस शोधकार्यका उक्त शोधकार्यका उद्देश्यहरू कक्षा १० मा अध्ययनरत विद्यार्थीहरूको चिठीलेखन क्षमताको पहिचान गर्नु, सरकारी र निजी विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको चिठी लेखन क्षमताको पहिचान गर्नु, सरकारी र निजी विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको चिठी लेखन क्षमताको स्थिति पहिल्याउनु, भाषिक पृष्ठभूमिका आधारमा नेपाली मातृभाषी र नेपाली विमातृभाषी विद्यार्थीहरूको चिठी लेखन क्षमताको स्थिति पहिल्याउनु, लैङ्गिक आधारमा विद्यार्थीहरूको चिठी लेखन क्षमताको स्थिति बनाउनु रहेका छन् । स्नातकोत्तर तहमा प्रयोजनको प्रयोजनार्थ उक्त शोधपत्रमा सर्वेक्षण विधि र वर्णनात्मक ढाँचाको उपयोग गरिएको छ । कक्षा १० अध्ययनरत विद्यार्थीको चिठी लेखन क्षमताको अध्ययनका लागि सम्पूर्ण मकवानपुर जिल्लाको प्रतिनिधित्व हुने गरी सरकारी र निजी क्षेत्रवाट सञ्चालित ४/४ ओटा विद्यालयवाट १०/१० जना विद्यार्थीहरूका दरले जम्मा ८० जना विद्यार्थीहरूलाई प्रतिनिधि जनसङ्ख्याको रूपमा लिई असम्भाव्य नमुना छनौट गरिएको देखिन्छ । समसामयिक विषयवस्तुलाई चिठी लेखनको सिपसँग सम्बन्धित भएको हुँदा उक्त विषयलाई चिठी लेखनको प्रश्नको रूपमा राखिएको छ । मकवानपुर जिल्लाका ४/४ ओटा सरकारी र निजी छनोटमा परेको विद्यालयमा गई प्राथमिक स्रोत सामग्रिको कार्यान्वयन गरी तथ्याङ्क सङ्कलन गरिएको छ । विषयवस्तुको प्रस्ट्याई र संयोजन, भाषाशैली र मौलिकता, भाषिक शुद्धता गरी चार पक्षमा केन्द्रित रहेर वस्तुगत अङ्कन प्रदान गरी मूल्याङ्कन गरिएको छ । मकवानपुर जिल्लाका ८ ओटा विद्यालयमा अध्ययनरत १०/१० जना विद्यार्थीका दरले विद्यार्थीहरूमा यो शोध सीमित रहेको छ । मकवानपुर जिल्लाका गाउँपालिका तथा उपमहानगरपालिका अर्न्तगत सरकारी र निजी विद्यालयबाट कक्षा ९ पूरा गरेका छात्र छात्रा हरूको चिठी लेखनसँग केन्द्रित रहेको छ भने सरकारी र निजी विद्यालयका नेपाली मातृभाषी नेपाली विमातृभाषी छात्र छात्राहरूमा अनुसन्धान सीमित रहेको छ । समग्र विद्यार्थीहरूको चिठी लेखन क्षमताको प्रतिशताङ्क ५३.७५ प्रतिशत देखिएको छ भने विद्यार्थीहरूले ४० प्रतिशतदेखि माथि चिठी लेखन क्षमता मापन गराउन सफल भएकोमा सनतोषजनक देखिन्छ । सरकारीको तुलनामा निजीका विद्यार्थीहरू मध्यम रहेको पाइन्छ । नेपाली मातृभाषी विद्यार्थीहरूको चिठी लेखन क्षमता मापन गराउन सफल देखिनुले सन्तोषजनक भएको साथै लैङ्गिक आधारमा ४५ प्रतिशत छात्राहरू ६०

प्रतिशत देखि माथि चिठी लेखन क्षमता मापन गराउन सफल देखिनुले छात्राहरूको चिठी लेखन क्षमता उच्च देखिन्छ । यस अध्ययनबाट विद्यालय तहमा भाषिक सिपका दृष्टिले पाठ्यपुस्तकको कठिनाई स्तर र पठनियताको अनुभव गर्न सहयोग मिल्ने छ । यस भन्दा अघि प्रस्तुत शीर्षकमा अध्ययन नभएकाले भावी अध्ययनकर्तालाई सम्बद्ध शीर्षकमा अध्ययन गर्न उत्प्रेरित गर्नेछ जस्ता सुझाव दिइएको छ । चिठी लेखनको उद्देश्य , समस्या , ढाँचा जस्ता विषयमा उल्लेख गरिएको हुँदा यस शोध अध्ययनले प्रस्तुत शोध कार्यलाई अगि बढ्न विशेष भूमिका निर्वाह गर्ने भएकोले उपयोगि हुने देखिन्छ ।

खत्री (२०७२) द्वारा *महोत्तरी जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको चिठी तथा निवेदन लेखन क्षमताको अध्ययन* नामक शीर्षकमा शोधकार्य गरेको देखिन्छ । स्नातकोत्तर प्रयोजनका लागि तयार पारिएको यस शोधकार्यका उद्देश्यहरू कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको चिठी तथा निवेदन लेखन क्षमताको स्थिति पहिल्याउनु, सामुदायिक र संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको चिठी तथा निवेदन लेखन क्षमताको स्थिति पत्ता लगाउनु, भाषिक पृष्ठभूमिका आधारमा विद्यार्थीहरूको चिठी तथा निवेदन लेखन क्षमताको पहिचान गर्नु, चिठी तथा निवेदन लेखनका समस्याहरूको लागि उपायहरू सुझाउनु रहेका छन् । अध्ययनका क्रममा सामुदायिक विद्यालयमध्ये दुई विद्यालयका २५/२५ जना र संस्थागत विद्यालय मध्ये दुई विद्यालयका २५/२५ जना गरी जम्मा १०० जना विद्यार्थीहरूलाई प्रतिनिधि नमुना छनोट गरी चिठी तथा निवेदन लेखन क्षमताको अध्ययन गरिएको छ । उक्त शोधकार्यका लागि शोधार्थीले आवश्यकता अनुसार क्षेत्रीय अध्ययन विधि, प्रतिनिधि नमुना छनोट विधि र सर्वेक्षण विधि जस्ता विधिहरूको प्रयोग गर्दै अध्ययनको प्रारूप तयार पारेका छन् । उक्त शोधकार्यमा सामुदायिक विद्यालयको भन्दा संस्थागत विद्यालयको विद्यार्थीहरूको चिठी तथा निवेदन लेखन क्षमता उच्च रहेको निष्कर्ष निकालिएको पाइन्छ । लिङ्गका आधारमा तुलनात्मक अध्ययन गर्दा छात्रको तुलनामा छात्राहरूको चिठी तथा निवेदन लेखन क्षमता राम्रो रहेको निष्कर्ष निकालिएको छ । चिठी तथा निवेदन लेखन क्षमता लेखाइ सिप विकासको महत्त्वपूर्ण आधार भएकाले कक्षा शिक्षणमा चिठी तथा निवेदन लेखन सम्बन्धी क्रियाकलापलाई अझ प्राथमिकता दिनुपर्ने, माध्यमिक तह नेपाली भाषा विषयको प्रश्नपत्रमा चिठी तथा निवेदन दुवैको लेखन सम्बन्धी प्रश्नलाई अनिवार्य गर्नुपर्ने लगायतका अन्य सुझावहरू दिइएको छ । चिठी लेखनका शिर्षक, उद्देश्य, समस्या, विधि उपयोगिता र ढाँचा लगायत विषयमा सम्बद्ध भएको हुँदा यस शोध अध्ययनले प्रस्तुत गरिने शोधकार्यलाई अगाडि बढ्न प्रभावकारी भूमिका निर्वाह गर्ने हुँदा उक्त शोध ग्रन्थ उपयोगि हुने देखिन्छ ।

खतिवडा (२०७३) द्वारा *कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन* नामक शोधपत्र तयार गरिएको छ । स्नातकोत्तर प्रयोजनका लागि तयार पारिएको उक्त शोधपत्रको मुख्य उद्देश्य कक्षा नौमा अध्ययनरत सामुदायिक तथा संस्थागत विद्यालयका विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको पहिचान, लैङ्गिक आधारमा अनुच्छेदलेखन क्षमताको पहिचान गर्नु र उक्त कमजोरीहरूको सुधारकालागि आवश्यक सुझाव प्रस्तुत गर्नु रहेका छन् । यस शोधमा प्राथमिक स्रोत, क्षेत्रीय अध्ययन विधि, सर्वेक्षण विधि र वर्णनात्मक विधिको प्रयोग गरिएको छ । यस शोधमा क्षेत्रीय अध्ययन विधि अर्न्तगत रही मकवानपुर जिल्ला भित्रका चार सामुदायिक र चार संस्थागत गरी ८० जना विद्यार्थीहरूलाई प्रतिनिधि नमुना छनौट गरी अनुच्छेद लेखन क्षमताको तुलनात्मक अध्ययन गरिएको छ । उक्त अध्ययनमा मकवानपुर जिल्लाका संस्थागत विद्यालयका विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमता राम्रो देखिन्छ भने सामुदायिक विद्यालयका विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमता अति राम्रो देखिन्छ । संस्थागत विद्यालयका शिक्षकहरू तलिमप्राप्त नभएका र विद्यालयमा नेपाली भाषाको कम प्रयोगका कारण संस्थागत विद्यालयका विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमता तुलनात्मक रूपमा कमजोर रहेको निष्कर्ष निकालिएको छ । त्यस्तै उक्त शोधमा विद्यार्थीहरूको लेखन क्षमताको विकास गर्न भाषा पाठ्यपुस्तकहरूमा लेखाइ सीपलाई विशेष महत्त्वका साथ प्रस्तुत गरी पाठ्यपुस्तकहरूको निर्माण गर्नुपर्ने, समयानुकूल अनुच्छेद लेखन प्रतियोगिताहरू सञ्चालन गरी विद्यार्थीहरूलाई अनुच्छेद लेखनतर्फ प्रेरित गर्नुपर्ने, शिक्षण सिकाई क्रियाकलापमा व्याख्यान विधिवाट मात्र पढाउने परिपाटीको अन्त्य गरि विद्यार्थीहरूलाइ नै सक्रिय बनाउने बिधिबाट अध्ययन गराउनुपर्ने, शिक्षक छनौट गर्दा नेपाली विषयगत तालिम प्राप्त र दक्ष शिक्षकलाई मात्र अध्यापनको अवसर दिनुपर्ने लगायतका सुझावहरू प्रस्तुत गरिएको छ । यस अध्ययनमा नेपाली भाषा पाठ्यक्रम निर्माण, परिष्कार र परिमार्जन गर्न सघाउने, कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको उमेर, स्तर, मनोविज्ञान, रूचि आदिमा विचार पुऱ्याई पाठ्यपुस्तक निर्माण गर्न र अनुच्छेद लेखन सीपको महत्त्वपूर्ण आधार मानी पाठ्यक्रममा जोड दिन सघाउ पुऱ्याउने लगायतका शैक्षणिक प्रयोजन समावेश गरिएको हुँदा अनुच्छेद लेखनका अध्ययन विधि, व्याख्या गर्ने तरिका र लेखन सिपका सम्बन्धमा प्रस्तुत गरिएकाले उपयोगी रहेको छ ।

पन्त (२०७३) द्वारा *गुल्मी जिल्लाका कक्षा नौमा अध्ययरत विद्यार्थीहरूको दैनिकी लेखन क्षमताको अध्ययन* नामक शीर्षकमा शोधकार्य तयार गरिएको छ । स्नातकोत्तर प्रयोजनका लागि तयार पारिएको यस शोधकार्यका उद्देश्यहरू कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको दैनिकी लेखन तथा क्षमता पहिचान गर्नु, उक्त कक्षामा अध्ययनरत विद्यार्थीहरूको विद्यालयको प्रकृति र लिङ्गका

आधारमा दैनिकी लेखन क्षमताको तुलनात्मक स्थिति पहिल्याउनु रहेका छन् । अध्ययनका क्रममा सामुदायिक विद्यालय मध्ये पाँच विद्यालयका १०/१० जना र संस्थागत विद्यालयमध्ये पाँच विद्यालयका १०/१० जना गरी जम्मा १०० जना विद्यार्थीहरूलाई प्रतिनिधि नमूना छनोट गरी दैनिकी लेखन क्षमताको अध्ययन गरिएको छ । यस अध्ययनमा प्राथमिक स्रोतका रूपमा क्षेत्रीय अध्ययन विधिलाई प्रयोग गरिएको छ । उक्त शोधमा दैनिकी लेखनमा संस्थागत विद्यालयका विद्यार्थीले तिथि मिति सही ठाउँमा लेखेको, दैनिकी लेखन क्षमता प्राप्ताङ्कका आधारमा छात्रभन्दा छात्रा नै बढी रहेको र समग्रमा प्राप्त तथ्याङ्कहरूलाई छात्र र छात्रा, संस्थागत र सामुदायिक क्षेत्रमा सबै विद्यार्थीहरूको दैनिकी लेखन क्षमता सन्तोषजनक रहेको निष्कर्ष निकालेका छन् । दैनिकी लेखन क्षमता लेखाइ सिप विकासको प्रमुख आधार भएकाले कक्षा शिक्षणमा दैनिकी सम्बन्धी कार्यकलापलाई अझ बढी प्राथमिकता दिनुपर्ने, निम्न माध्यमिक र माध्यमिक तहमा नेपाली भाषा विषयको प्रश्नपत्रमा दैनिकी लेखन सम्बन्धी प्रश्नलाई अनिवार्य गरिनुपर्ने लगायतका अन्य सुझावहरू दिइएको छ । यस अध्ययनमा भाषा पाठ्यक्रम समावेश गरिने चार ओटै भाषिक सीपका उद्देश्य पूरा हुनेगरी विधागत छनोट तथा विधागत क्षेत्र निर्धारण गर्न सहयोगी हुने, दैनिकी शिक्षणका विधि, कार्यकलाप र उद्देश्यको बारेमा जानकारी लिन प्रस्तुत अध्ययन उपयोगी बन्ने लगायतका शैक्षणिक उपयोगिताहरू प्रस्तुत गरिएको छ ।

दैनिकी लेखन लेखन कला सिपसँग सम्बन्धित भएको हुँदा दैनिकी लेखनको उद्देश्य, समस्या, विधि र उपयोगिता आदिको प्रभावकारी ढंगले प्रस्तुत गरिएकाले उक्त कार्य चिठी लेखन सिपसँग सम्बद्ध भएको हुँदा यस शोधपत्रको अध्ययनबाट विशेष उपयोगी हुने देखिन्छ ।

सुवेदी (२०७३) द्वारा *ललितपुर जिल्लाका कक्षा दसमा अध्ययनरत विद्यार्थीहरूको कथा लेखन क्षमताको अध्ययन* शीर्षकमा शोधकार्य पूरा भएको छ । स्नातकोत्तर द्वितीय वर्ष प्रयोजनका लागि तयार पारिएको यस शोधकार्य अध्ययनका उद्देश्यहरू विद्यार्थीको कथा लेखन क्षमताको पहिचान गर्नु, विद्यालयको प्रकृतिका आधारमा विद्यार्थीको कथा लेखन क्षमताको विष्लेषण गर्नु, लैङ्गिक र भाषिक पृष्ठभूमिका आधारमा विद्यार्थीको कथा लेखन क्षमताको तुलनात्मक स्थिति पहिल्याउनु रहेका छन् । अध्ययनका क्रममा सामुदायिक विद्यालय मध्ये पाँच विद्यालयका १०/१० गरी ५० जना र संस्थागत विद्यालयमध्ये पाँच विद्यालयका १०/१० गरी जम्मा १०० जना विद्यार्थीहरूलाई प्रतिनिधि नमुना छनोट गरी कथा लेखन क्षमताको अध्ययन गरिएको छ । यस अध्ययनमा प्राथमिक स्रोतका रूपमा क्षेत्रीय अध्ययन विधिलाई प्रयोग गरिएको छ । कक्षा दसमा अध्ययनरत विद्यार्थीहरूको कथा

लेखन क्षमताको समग्र पक्ष र विषयवस्तु सङ्गठन, प्रस्तुतीकरण र शुद्धता स्तरयुक्ततालाई नियाल्दा कथा लेखन क्षमता समग्रमा सन्तोषजनक नभएको निष्कर्ष निकालेका छन् । त्यसैगरी विद्यालयको प्राकृतिक आधारमा सामुदायिक विद्यालयको भन्दा संस्थागत विद्यालयको प्राकृतिक आधारमा सामुदायिक विद्यालयको भन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको कथा लेखन क्षमता लेखाइ सीप विकासको प्रमुख आधार भएकाले भाषा पाठ्यपुस्तकको अभ्यास खण्डमा लिखित अभिव्यक्तिका प्रशस्त अभ्यास हुने खालका नमुना अभ्यास राख्नुपर्ने, कथा लेखन क्षमता लेखाइ सिप विकासको महत्त्वपूर्ण कार्यकलाप भएको हुँदा कथा शिक्षणमा कथा लेखन सम्बन्धी अभ्यासमा जोड दिनुपर्ने, विद्यालय तहमा नेपाली पाठ्यक्रम निर्माण गर्दा कथा विधा शिक्षणका साथै कथा लेखन शिक्षणलाई पनि प्राथमिकता दिनुपर्ने लगायत अन्य सुझावहरू प्रस्तुत गरिएको छ । यस अध्ययमा विद्यार्थीहरूको स्तर, क्षमता आदिका आधारमा पाठ्यपुस्तकको छनोट र स्तरणमा सहयोग गर्ने, विद्यार्थीहरूलाई कुनै विषय वा शीर्षकका बारेमा आफ्ना विचार वा भावलाई मौलिक, सहज र सङ्क्षिप्त रूपमा अभिव्यक्त गराउन सक्ने क्षमताको विकास गराउन सहयोग गर्ने लगायतका नीतिगत तथा प्रयोगगत उपयोगिताहरूबाट थप पृष्ठ पोषण मिल्ने , कथा लेखन सिप चिठी लेखन सिपसंग सम्बद्ध भएको हुँदा उपयोगी हुने देखिन्छ ।

हमाल (२०७३) द्वारा *सुर्खेत जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको सारांश लेखन क्षमताको अध्ययन* शीर्षकमा शोधकार्य पूरा भएको छ । स्नातकोत्तर प्रयोजनका लागि तयार पारिएको यस शोधकार्यका उद्देश्य सारांश लेखन क्षमताको अध्ययन गर्नु, विद्यालयको प्रकृति तथा लिङ्गका आधारमा विद्यार्थीहरूको सारांश लेखन क्षमताको तुलनात्मक स्थिति पहिल्याउनु रहेको छ । पाँच ओटा सामुदायिक र पाँच ओटा संस्थागत विद्यालयका १०० जना विद्यार्थीहरूलाई प्रतिनिधि नमुना छनोट गरी सारांश लेखन क्षमताको अध्ययन गरिएको छ । यस अध्ययनलाई नमुना सर्वेक्षण विधिबाट अगाडि बढाएको छ भने प्राथमिक स्रोतको रूपमा क्षेत्रीय अध्ययन विधिलाई प्रयोग गरिएको छ । समग्रमा सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको सारांश लेखन क्षमता राम्रो पाइएको छ । जसले गर्दा माध्यमिक तह कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको सारांश लेखन क्षमता सोचे अनुसार सन्तोषजनक नरहेको निष्कर्ष निकालिएको छ । सारांश लेखन लामा-लामा पाठहरूलाई वा अनुच्छेदहरूलाई छोटा छोटा अनुच्छेदमा अर्थात एक तृतीयांशमा प्रस्तुत गरी लेखिने सिप विकासको प्रमुख आधार भएकाले भाषा पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण गर्ने क्रममा यसलाई महत्त्वपूर्ण स्थान दिई पाठ्यपुस्तकमा अभ्यासका रूपमा र परीक्षामा प्रश्नपत्रका रूपमा समेत अनिवार्य समावेश गर्नुपर्ने सुझाव दिइएको छ ।

यस अध्ययनमा भाषा पाठ्यपुस्तक निर्माण गर्दा पाठ्यपुस्तक निर्मातालाई सहयोग पुऱ्याउने सारांश लेखनमा विद्यार्थीहरूले कस्तो त्रुटिहरू गर्छन र त्यस्ता त्रुटिहरू के कारणले गर्दछन् भनी पहिचान गरी निराकरणका उपायहरू अवलम्बन गर्न सहयोग मिल्ने लगायतका नीतिगत तथा प्रयोगगत तहका शैक्षणिक उपयोगिताहरू प्रस्तुत गरिएको छ । जसले प्रस्तुत शोध कार्यमा लेखनकला सम्बन्धी तौरतरिकाहरुमा सहजता प्रदान गरेको छ ।

अर्याल (२०७८) द्वारा *कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको कथा लेखन क्षमताको अध्ययन* शीर्षकमा शोधकार्य पूरा भएको छ । उक्त शोधकार्य स्नातकोत्तर प्रयोजनका लागि प्रयोजनमा ल्याइएको छ । उक्त शोध कार्यका उद्देश्यहरू मकवानपुर जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको चिठी लेखन क्षमताको पहिचान गर्नु , भाषिक पृष्ठभूमि र लिङ्गका आधारमा कथा लेखन क्षमताको तुलनात्मक स्थिति पहिल्याउनु रहेका छन् । शैक्षिक सत्र २०७७ मा मकवानपुर जिल्लाका कक्षा नौमा अध्ययनरत सम्पूर्ण विद्यार्थीहरूलाई जनसङ्ख्याका रूपमा लिइएको छ भने स्तरीकृत नमुना छनोट विधिको प्रयोग गरी प्रत्येक विद्यालयवाट छात्र, छात्रा, नेपाली भाषी, दोस्रो भाषी पर्ने गरी १०/१० जनाका दरले ५ ओटा विद्यालयका ५० जना विद्यार्थीहरूलाई प्रतिनिधि नमूनामा छनोट गरिएको छ । अध्ययन स्रोत प्राथमिक अन्तर्गत उत्तरपुस्तिका सङ्कलन तथा द्वितीय स्रोत अन्तर्गत शोधपत्र, पाठ्य सामग्री, पत्रपत्रिका रहेको छ । मकवानपुर जिल्ला भित्र रहेका कक्षा नौमा अध्ययनरत पाँचओटा विद्यालयका पचास जना विद्यार्थी जसमा २५/२५ जना छात्र-छात्रा विद्यार्थीहरूलाइ सहभागी गराई सङ्कलित तथ्याङ्कको भाषिक पृष्ठभूमि र लिङ्गका आधारमा तुलना गरी निष्कर्ष निकालिएको छ । उच्चतम र उच्च श्रेणीमा विद्यार्थीहरू सबैभन्दा बढी देखिनु र मध्यम तथा निम्न श्रेणीमा क्रमश कम देखिएको, नेपाली दोस्रो भाषी विद्यार्थीको लेखन क्षमता राम्रो पाइएको, पाठ्यपुस्तक लेखनमा कथा लेखन सम्बन्धी ढाँचा, संरचना जस्ता कुराहरूको निर्माणमा उपयोगी रहने, विद्यार्थीका लेखन कलामा त्रुटि सच्याउन सहज हुने जस्ता उपयोगिता रहेका छन् ।

यस शोधकार्यको अध्ययनबाट लेखनकला सिपसँग सम्बद्ध तौर तरिका र ढाँचाहरू नीतिगत उपयोगिताहरू प्रस्तुत गरिएको हुँदा प्रस्तुत शोधकार्यका लाीग उपयोगी हुने देखिन्छ ।

उल्लिखित विषयमा अध्ययन गरिएको भेटिए पनि मकवानपुर जिल्लामा *कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको चिठी लेखन क्षमता* शीर्षकमा हाल सम्म कुनै किसिमको अध्ययन

अनुसन्धान नभएको अवस्थामा पूर्व कार्यले समेट्न नसकेको यस अध्ययनलाई नै अनुसन्धानको उपयुक्त शोध शीर्षक ठानी अध्ययन कार्यलाई अघि सारिएको छ ।

## सैद्धान्तिक अवधारणा

मानिसमा अन्तर्नीहित विविध संवेगात्मक क्रिया प्रतिक्रियालाई एक व्यक्तिले अर्को व्यक्ति साम् प्रकटीकरण गर्ने महत्त्वपूर्ण साधन र साध्यलाई भाषा भनिन्छ । भाषिक सिपलाई अभिवृद्धि गर्ने महत्त्वपूर्ण साधन नै भाषा भएकाले लेखाइ सिपलाई सुदृढ बनाई मानिसलाई स्वावलम्बी, नैतिकतावान बनाई सामाजिक जीवनपद्धति निर्वाह गर्न भाषाको अपरिहार्य रहेको छ ।

भाषाको सिपमध्ये लेखाइ सिप अभिव्यक्तिको एक लिखित माध्यम भएकाले लिखित माध्यमबाट कुराकानी गर्ने एउटा महत्त्वपूर्ण साधनको रूपमा चिठीलाई लिने गरिन्छ । आजको सूचना तथा सञ्चारण प्रणालीको प्रयोगबाट विश्व समुदायलाई साँघुऱ्याएको अवस्थामा टेलिफोन, ग्रामोफोन, मोबाइल, इमेल, इन्टरनेट जस्ता सञ्चारका साधनको प्रयोगले चिठीको महत्त्व हुलाक जस्ता संस्था जो चिठीपत्र, पत्राचारका संवाहक, पत्रमित्रता कार्यालय र संघसंस्था आदिमा बढ्दो कामकारवाहीले गर्दा पनि चिठी लेखनको महत्त्व बढेको देखिन्छ ।

चिठी वा निवेदन विभिन्न अनुभव आदान प्रदानको लिखित माध्यम हो । प्रेषकले आफ्नो आवश्यकता, भावना, विचार, सन्देश आदिलाई प्रापक समक्ष पुऱ्याउने काम चिठीबाट गर्दछ । लेखाइ सिपको विकासका लागि तल्ला कक्षादेखि माथिल्ला कक्षासम्म चिठी वा निवेदन लेखनको महत्त्वपूर्ण भूमिका रहन्छ । चिठीलाई घरायसी, व्यापारिक र कार्यालयीय गरी विभाजन गर्न सकिन्छ । घरायसी चिठीमा वैयक्तिक प्रभाव रहन्छ भने व्यापारिक, कार्यालयीय चिठी र निवेदन लेखनमा वैयक्तिक प्रभाव रहँदैन । वैयक्तिकताका कारण घरायसी चिठी लेखन स्वतन्त्र खालको हुन्छ भने अन्य चिठी निर्देशित खालका हुन्छन् । ढङ्ग चिठी वा निवेदन लेखन गराउँदा विद्यार्थीलाई चिठी वा निर्देशन लेखनको ढङ्ग ढाँचामा परिचित गराउनु आवश्यक छ । ठेगाना, मिति, सम्बोधन, अभिवादन, विषय प्रवेश, भाषिक प्रयोग, अनुच्छेद विभाजन, विषयको सहज प्रस्तुति, अन्त्यभागमा सम्बोधन तथा खामको नमुनासम्बन्धी विद्यार्थीलाई जानकारी गराएपछि मात्र चिठी लेखनको अभ्यास गराउनुपर्छ । चिठीका केही ढाँचा पठन र अवलोकन गरी विद्यार्थीका कमीकमजोरी औँल्याई सुझावका निम्ति उत्प्रेरणा दिनुपर्छ ।

चिठी लेखन अभिव्यक्ति कलाको विशिष्ट अङ्ग हो । यसमा मानिसले आफ्ना विचार, भावना र सन्देशलाई अभिव्यक्त गर्दछ अनि आफ्ना आवश्यकता र आकाङ्क्षालाई प्रस्तुत

गर्दछ । चिठीले मानिस-मानिस बिचको भावनात्मक सम्बन्धलाई गाँस्ने काम गर्छ (भट्टराई र ढुङ्गेल, २०७६ पृ. ३४९) । तसर्थ चिठीलेखनले विचार तथा भावनाहरू एक आपसमा अभिव्यक्त गर्ने सशक्त माध्यम हो । भाषाका सिपहरूअन्तर्गत सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिपमध्ये लेखाइ सिपलाई चौथो स्थान दिइएको छ । माध्यमिक शिक्षा अन्तर्गत एस.इ.इ. परीक्षामा चिठी तथा निवेदन अनिवार्य प्रश्नको रूपमा समावेश गरिएको छ । कक्षा नौको नयाँ पाठ्यक्रम वि.सं.२०७९ मा पनि पाठ्यक्रम विधाको क्षेत्र र क्रम तालिका अन्तर्गत १३ औँ क्रममा कार्यालयीय चिठीलाई समावेश गरिएको छ । यस तहको भाषिक मूल्याङ्कनका लागि छुट्याएको क्षेत्र र अङ्क निर्धारणमा समेत चिठीका लागि ५ प्रतिशत अङ्कभार छुट्याइएको छ ।

चिठी लेखन कार्य मानिसको क्षमतालाई कसी लगाउने साधन पनि भएकाले यसमा मानिसको व्यक्तित्त्व पनि झल्किएको हुन्छ । चिठी वैयक्तिक सम्बन्धलाई जोड्ने पुल र मित्रताको गाँठोलाई बलियो पार्ने सूत्र एवम् सञ्चारको मध्यम मात्र नभएर पत्र साहित्यको रूपमा साहित्यको एउटा अङ्ग बनिसकेको छ । चिठीमा सरलता, स्पष्टता, प्रभावकारिता, हार्दिकता, शिष्टता र सम्प्रेषणीयता चिठीमा हुनुपर्ने आवश्यक गुण हुन् । नेपालको सन्दर्भमा यद्यपि चिठी हुलाक वा व्यक्तिको माध्यमबाट आदान प्रदान गरिन्छ । औपचारिक प्रयोजनका लागि चिठीको स्थान सर्वोत्कृष्ट रहेको छ ।

## लेखाइ सिप र चिठी लेखन

### लेखाइ सिपको आवश्यकता र महत्त्व

मानिसले आफ्ना मनका भावनालाई ध्वन्यात्मक तथा अन्य सङ्केतका माध्यमले अभिव्यक्त गर्दा मौखिक भाषाको प्रयोग गर्छन् भने ध्वन्यात्मक सङ्केतहरूलाई लिपिका माध्यमबाट अभिव्यक्त गर्दा लिखित भाषाको उपयोग गर्छन् । कथ्य अभिव्यक्तिबाट विचार आदान प्रदान गर्न नसकिने स्थितिमा मानिसले लेखनको सहयोग लिन्छ । तुलनात्मक दृष्टिले लिखित भाषा स्थायी प्रकृतिको हुन्छ । यसमा कालगत र स्थानगत सीमा हुँदैन । व्यक्तिले आर्जन गरेका अनेकौँ ज्ञान र सिपलाई आउने पुस्तामा हस्तान्तरण गर्न, एउटा समयको उपलब्धि अर्को समयका लागि सुरक्षित गर्न, इतिहासमा सञ्चित कुराहरूलाई जीवन्त राख्न र आफ्नो भविष्यपछि अरूका निम्ति उपयोगी हुने गरी जोगाइराख्न लिखित अभिव्यक्ति विशेष उपयोगी हुन्छ (भण्डारी, २०७५ पृ. ३) । लेखन कलाको महत्त्वपूर्ण माध्यमको रूपमा चिठी लेखन पनि एक हो ।

मौखिक अभिव्यक्तिका तुलनामा लिखित अभिव्यक्तिमा सहजता, स्वाभाविकता, र भावानूकुलताको अभाव हुने भए पनि मान्छेको दिमागमा उठेका विचार, भावना र संवेगलाई सार्वजनिक गर्ने महत्त्वका उपाय लिखित अभिव्यक्ति हो (ढकाल, २०६२ पृ. २४२) । त्यसैले लेखन सिपको विकास अन्तर्गत चिठी लेखनलाई प्रभावकारी माध्यम मानिन्छ ।

लेखन स्वभावैले एउटा कला हो । पठन एउटा कला हो । त्यसमा उच्च दक्षता र सिद्धि प्राप्त गर्न सकियो भने त्यसकै माध्यमबाट मानिस अमर हुन सक्छ । विशिष्ट लेखकहरू आफ्ना अमर सिर्जनाबाटै समाजमा स्थापित भएका छन् । उत्कृष्ट लेखन सर्वसाधारणको पहुँचको विषय होइन भनिन्छ । त्यसो त बौद्धिक वा प्राज्ञिक लेखन तथा समीक्षा समालोचना लेखनभित्र पर्दछन् । लेखन सिपलाई सामान्य, सम्पादनात्मक र सिर्जनात्मक, साहित्यिक, प्राज्ञिक वा बौद्धिक अभिव्यक्ति आदि लेखन सिप सम्बद्ध रहेका छन् ।

विद्यालय तहमा खास गरी लेखाइ सिपको विकास गर्न, आफूले गरेका कार्यहरूको अभिलेखीकरण गर्न सिकाउन लेखनका क्रममा व्याकरणिक शुद्धताको विकास गर्न, वर्ण विन्यासको सही उपयोग गर्न सिकाउन विद्यार्थीहरूलाई लेखनकला सम्बद्ध सिपहरूको अभ्यास तथा पुनरावृत्ति गराउनु आवश्यक देखिन्छ ।

## लेखाइ सिपको विकासमा चिठी लेखनको स्थान

विचार आदान प्रदानका माध्यमहरूमा लेखाइ सिप महत्त्वपूर्ण मानिन्छ । भाषाका दुई रूप छन् लिखित र मौखिक । मनका अन्तरभावनालाई ध्वन्यात्मक सङ्केतका माध्यमले अभिव्यक्त गर्दा लिखित वा कथ्य भाषा तयार हुन्छ । ध्वन्यात्मक सङ्केतहरूलाई लिपिको उपयोग गरेर अभिव्यक्त गर्दा लिखित वा लेख्य भाषा तयार हुन्छ । बोलेर विचार विनिमय गर्न नसकिने स्थितिमा लेखनको सहायता लिइन्छ । लिखित भाषा स्थायी किसिमको हुन्छ । यसमा स्थान र समयको सीमा हुँदैन ( शर्मा र पौडेल, २०६० पृ.१२२) । चिठीका ढङ्ग, ढाँचा शैली आदिबाट मौलिक लेखन कलाको विकास, सिर्जनात्मक अभिव्यक्ति विकासमा सहजता प्रदान गर्दछ । कुनै पनि व्यक्ति वा संस्थाले आफ्ना विचार, सन्देश, सूचना, अर्को व्यक्ति वा संस्थासमक्ष पुऱ्याउनको लागि तयार पारिएको लिखित सन्देशलाई प्रभावकारी रूपमा सम्प्रेषण गरिन्छ । आफ्ना विचार, सूचना, तथ्याङ्क, जानकारी, ज्ञान, विषय समावेश गरी चिठीको मुख्य उद्देश्य सम्प्रेषण गर्नु नै भएकाले घरायसी वा कार्यालयीय चिठीको प्रयोग गरी मौखिक रूपमा व्यक्त गर्न नसकिने अभिव्यक्तिहरूलाई चिठीमार्फत

सम्प्रेषण गरिन्छ । विद्यालय तहमा प्राथमिकदेखि उच्च तहसम्म चिठी लेखनलाई प्राथमिकता दिएको हुँदा चिठी लेखन कार्य लेखन क्षमता विकासका लागि महत्त्वपूर्ण आधार मानिन्छ । चिठी लेखनका क्रममा विद्यार्थीहरूले वर्ण विन्यास, शब्दभण्डार, वाक्यगठन, भाषिक शुद्धता, आदि, मध्य र अन्त्यको प्रस्तुतीकरण जस्ता लेखाइ सम्बन्धी विभिन्न सिप विकास गराई थप पृष्ठपोषण प्रदान गर्दछ । यसर्थ लेखन सिप विकासका लागि चिठी लेखनको स्थान उच्च रहेको छ ।

## विद्यालय तहमा चिठी शिक्षणको प्रयोजन

चिठी लिखित भाषाका माध्यमबाट विचार सम्प्रेषणको प्रमुख माध्यम हो । चिठीको प्रमुख उद्देश्य समाचार सम्प्रेषण गर्नु भएकाले चिठी व्यक्ति र संस्थाले आफ्ना सन्देश अरूसमक्ष पुऱ्याउने आधिकारिक साधन हो । चिठी घरायसी वा व्यावहारिक, कार्यालयीय वा प्रशासनिक र व्यावसायिक वा व्यापारिक तीन प्रकारका हुन्छन् (भट्टराई र ढुङ्गेल, २०७६, पृ.३४९) ।

चिठी व्यावहारिक लेखन सिप विकास गर्ने उपकरण भएको हुनाले यसमा आफन्तलाई आफ्ना समाचार लेखेर पठाउने तरिका बोध गराउने र आफूले पढेको विद्यालय अन्य कार्यालयमा कुनै विषयको गुनासो, माग, अनुरोध आदि गरेर निवेदन लेखन सिपको समेत विकास गराउन चिठी शिक्षण गरिन्छ । विद्यालय तहका खासगरी लेखाइ सिपको विकास गर्न, आफूले गरेका कार्यहरूको अभिलेखकरण गर्न सिकाउन, लेखनका क्रममा व्याकरणिक शुद्धताको विकास गर्न, वर्ण विन्यासको सही उपयोग गर्न सिकाउन, शब्दभण्डारको विकास गर्ने आदि आवश्यकता परिपूर्ति गर्न शिक्षण गरिन्छ ।

चिठी तीन प्रकारका हुन्छन्:

**घरायसी**

**व्यापारिक**

**कार्यालयीय**

**घरायसी** : घरायसी चिठी नितान्त वैयक्तिक हुन्छ । आफ्ना नातेदार, इष्टमित्र, साथीहरुलाई लेखिने चिठीलाई घरायसी चिठी भनिन्छ । यो हालखबरहरुलाई आदानप्रदान गर्ने र आवश्यकताहरुलाई परिपूर्ति गने माध्यम पनि हो ।

**व्यापारिक :** व्यापारिक दृष्टिकोणले लेखिने चिठीलाई व्यापारिक चिठी भनिन्छ । कुनै बस्तुको माग वा आपूर्ति गर्दा व्यापारिक चिठी लेखिन्छ । मागपत्र वा प्रचार पत्र यसका उदाहरणहरु हुन् ।

**कार्यालयीय :** सरकारी वा गैरसरकारी कार्यालय, सङ्घ, संस्था, विभाग, मन्त्रालय वा अड्डा अदालतसमक्ष व्यक्ति वा संस्थाले कुनै पनि समस्या वा आवश्यकता परिपूर्तिका लागि लेखिने चिठीलाई कार्यालयीय चिठी भनिन्छ । निवेदन पत्र, सूचना पत्र, विज्ञप्ति पत्र आदि यसका उदाहरण हुन् (ढकाल र खतिवडा, २०७५, पृ.३९) ।

चिठी लेखन सिपको क्षमता अभिवृद्धिको रूपमा चिठी शिक्षणका मुख्य प्रयोजनहरू निम्नलिखित रहेका छन् :

१. चिठी लेखनको तरिका/ ढाँचासँग परिचित भई सोही अनुसार चिठी लेखन गर्नु,
२. चिठी लेखनका क्रममा उपयोग गरिने शब्दहरूको प्रयोग गर्ने तरिका सिकाउनु,
३. विविध किसिमको पत्र रचना गर्न सक्षम बनाउनु,
४. लिखित र मौखिक अभिव्यक्ति क्षमताको विकास गर्नु,
५. शब्दभण्डारको विकास गर्नु,
६. व्याकरणिक क्षमताको विकास गर्नु,
७. चिठीपत्रका अङ्ग, ढङ्ग ढाँचा र खामबन्दीका व्यावहारिक सिप र उपयोग सचेतताको विकास गर्नु,
८. दैनिक जीवनका विविध आवश्यकता पूरा गर्न सहयोग पुऱ्याउने खालका विभिन्न चिठी/निवेदन रचना क्षमताको विकास गर्नु,
९. आफ्ना मनका सुख र दुःखका कुरा तथा अनुभूति चिठीका माध्यमबाट व्यक्त गर्न सिकाउनु ।

## विद्यालय तहका वर्तमान पाठ्यक्रमहरूमा चिठीको स्थान र शिक्षण प्रकृया

भाषाका चार सिपहरूमध्ये लेखाइ सिप अन्तिम र चौथो सिप क्षेत्रअन्तर्गत पर्दछ । भाषा वैचारिक आदान प्रदानको महत्त्वपूर्ण माध्यम पनि भएकाले मानवीय भाषाको वैचारिक आदानप्रदान प्रकृयालाई विचार विनिमय भनिन्छ । मानव सभ्यताको विकासक्रमसँगै भाषाको पनि विकास हुँदै जाने क्रममा सुरूमा कथ्य भाषाको प्रयोग गरियो भने मानवीय आवश्यकताको परिपूर्ति गर्ने क्रममा लेख्य अर्थात् लिपिबद्ध हुन थालेको पाइन्छ । भाषालाई लेख्य अर्थात् लिपिबद्ध हुन थालेको पाइन्छ । भाषालाई मौखिक अभिव्यक्तिबाट प्रकट गर्न नसकेको अवस्थामा लिखित माध्यमबाट भाषाको प्रयोग गरिन्छ । चिठी लेखन विधा विद्यालय तहको प्राथमिकदेखि उच्चतहसम्म समावेश गरिएको छ ।

विद्यालय तहका वर्तमान पाठ्यक्रमहरूमा स्वतन्त्र र छोटा रचनाअन्तर्गत चिठी लेखनलाई पनि समेटिएको छ ।

निम्न माध्यमिक पाठ्यक्रम (दो.स.) २०६४ ले कक्षा (६-८) का तीन ओटा कक्षाहरूलाई निम्न माध्यमिक तह भनेको छ । यस तहको पाठ्यक्रममा नेपाली विषयका विद्यागत क्षेत्र निर्धारणका क्रममा कथा, कविता, प्रबन्ध, निबन्ध, रूपक, जीवनी, चिठी, व्याकरण र शब्द भण्डार जस्ता विधाहरूलाई समेटिएको छ । निम्न माध्यमिक तहको अन्त्यमा उपयुक्त हिज्जे र वाक्य गठन मिलाई शुद्धसँग लेख्न, आफ्ना रूचि अनुसार मौलिक रचना रच्न सक्षम हुनु लगायत उद्देश्य राखिनुले लेखाइ सिपसम्बन्धी क्षमता बढाउन पाठ्यक्रम विशेष महत्त्व दिएको देखिन्छ ।

पाठ्यक्रमको विधागत वितरणलाई हेर्दा अन्य विधा सरह नै चिठीलाई पनि समावेश गरिएको छ । यस अन्तर्गत घरायसी र कार्यालयीय चिठी समावेश गरिएको छ । पछिल्लो समयमा आधारभूत तहको नयाँ पाठ्यक्रम कक्षा (६, ७, ८) २०६७ ले पनि नेपाली भाषाको लेखाइ सिप अन्तर्गत चिठीलाई समावेश गरेको छ । यस पाठ्यक्रममा पनि चिठीलाई घरायसी र कार्यालयीय गरी दुई भागमा विभाजन गरिएको छ । भाषिक मूल्याङ्कनका लागि निर्देशित रचना अन्तर्गत कथा/जीवनी वा संवाद/वादविवाद/ चिठीका लागि ४ (चार) अङ्क छुट्याइएको छ ।

माध्यमिक शिक्षा पाठ्यक्रम २०६५ मा भाषिक सिप अन्तर्गत छुट्टाछुट्टै उद्देश्यहरू निर्धारण गरिएको छ । लेखाइ सिपअन्तर्गत चिठीलाई समावेश गरिएको छ । विद्यालय तहमा भाषा शिक्षणको मूल लक्ष्य भाषिक दक्षता अभिवृद्धि गर्नुका साथै अन्य विषयहरूको पठनपाठनको माध्यमलाई सहयोग गरी बोध, पक्ष र अभिव्यक्तिको विकास गर्नु रहेको छ ।

माध्यमिक शिक्षा पाठ्यक्रम (२०७९) मा भाषिक सिप अन्तर्गत छुट्टाछुट्टै उद्देश्यहरू निर्धारण गरी लेखाइ सिपभित्र चिठीलाई कक्षा नौको नयाँ पाठ्यक्रममा क्रम निर्धारण गर्दा कार्यालयीय चिठी १३ औँ क्रममा राखिएको देखिन्छ । विगतमा व्यवहारिक प्रवृत्रिका चिठीमध्ये नयाँ परिमार्जित पाठ्यक्रमले कार्यालयीय चिठी राख्नु भाषिक सिप अन्तर्गत पाठ्यक्रमद्वारा नेपाली भाषाको शिक्षण प्रयोजन अन्तर्गत भाषिक दक्षता हासिल गराउनु प्रमुख लक्ष्य रहेको छ ।

यसरी समस्त रूपमा हेर्दा प्राथमिक तहदेखि उच्च तहसम्म चिठी लेखनका क्षेत्रमा पाठ्यक्रम समय सान्दर्भिक देखिन्छ । चिठी लेखन शिक्षण गराउँदा चिठी लेखनका तरिका वा ढाँचासँग परिचित भई सोही अनुरूप चिठी लेखन गराउनु पर्दछ । विद्यार्थीहरूलाई दैनिक जीवनका विविध आवश्यकता पूरा गर्न सहयोग पुऱ्याउने खालका विभिन्न चिठी र यसका ढङ्ग, ढाँचा आदि

भागमा रहने स्थानमा मिति, सम्बोधन र शिष्टाचार तथा मध्ये भागमा पर्ने मूल सन्देश, विषय, सूचना आदि समापक वाक्यांश प्रयोगको तरिका लगायत अन्त्यमा प्रेषक र प्रापकको सम्बन्ध जनाउने शब्द, प्रेषकको नाम र हस्ताक्षर जस्ता ढाँचाको रखाइ क्रम मिलाउन आवश्यकतानुसार स्पष्ट निर्देशन दिई पृष्ठपोषण समेत प्रदान गर्नुपर्दछ ।

मिति, नाम, ठेगाना, सम्बोधन, अभिवादन, प्रस्तुति, समापन, खामको नमुना, विषयवस्तुको पुष्ट्याइ र संयोजन, भाषाशैली, मौलिकता, भाषिक शुद्धता गरी पाँच पक्षमा केन्द्रित रहेर वस्तुगत अङ्कन प्रदान गरी मूल्याङ्कन गरिएको छ । वर्तमान कक्षा नौको नेपाली पाठ्यपुस्तकअन्तर्गत चिठीलाई चिठी विधा, कार्यालयीय चिठी र तेह्रौँ क्रममा राखिएको पाइन्छ ।

## अध्याय : तीन

# शोध विधि तथा प्रक्रिया

अध्ययन विधिले शोधकार्यलाई उद्देश्यसम्म पुऱ्याउने कार्य गर्दछ । प्रस्तुत शोध कार्यलाई पनि उद्देश्यपूर्ण बनाउनका लागि यस शोध कार्यको समस्याका अनुसन्धानात्मक अध्ययनका क्रममा प्रस्तुत पुस्तकालयीय, अवलोकन, नमुना छनोट, तथ्याङ्क सङ्कलन तथा तथ्याङ्क विश्लेषण लगायतका उपविधिहरूको उपयोग गरिएको छ भने वर्णनात्मक र सर्वेक्षण विधिको प्रयोगलाई पनि अपनाइएको छ ।

## जनसङ्ख्या र नमुना छनोट

शैक्षिक सत्र २०८० मा मकवानपुर जिल्लाका कक्षा नौमा अध्ययनरत सम्पूर्ण विद्यार्थीहरूलाई जनसङ्ख्याको रूपमा लिइएको छ अध्ययनको प्रयोजन, समय र लगानी आदिका कारणले सम्पूर्ण जनसङ्ख्याको अध्ययन गर्न नसकिने भएकाले अध्ययनको सीमा मकवानपुर जिल्लाभित्र अवस्थित विद्यालयहरूमध्ये आठ ओटा माध्यमिक विद्यालयका ८० जना विद्यार्थीहरूलाई जनसङ्ख्याका रूपमा लिइएको छ ।

## प्रतिनिधि नमुना छनोट

प्रतिनिधि नमुनाले पूर्णतः प्रतिनिधित्व गर्नुपर्दछ र जनसङ्ख्याका गुण वा विशेषताहरू ती नमुनामा समाहित हुनुपर्दछ । यस अनुसन्धानमा मकवानपुर जिल्लाभित्रका आठ ओटा विद्यालय चयन गरी प्रत्येक विद्यालयबाट छात्र-छात्रा, मातृभाषी र विमातृभाषी, सामुदायिक र संस्थागत विद्यालय ४/४ ओटा पर्ने गरी ती विद्यालयका १०/१० जना विद्यार्थीका दरले ८० जना विद्यार्थीहरूलाई प्रतिनिधि नमुना छनोट गरिएको छ । यसरी छनोट गर्दा यस अध्ययनलाई पूर्णता दिन असम्भाव्य नमुना छनोट विधि प्रयोग गरिएको छ । नमुना सङ्कलनका क्रममा सहजताका लागि हरेक विद्यालयका शिक्षकवर्गहरूलाई समेत नमुनाको रूपमा छनोट गरिएको छ ।

## सामग्री निर्माण तथा सङ्कलन

लेखन क्षमता अध्ययन अनुसन्धानका लागि कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको चिठी लेखन क्षमताको अध्ययन गरिएको छ । प्रश्नपत्रको मानकीकरणका लागि शोधनिर्देशक समक्ष परीक्षण गराई प्रश्नपत्रको परिष्कार र परिमार्जनसहित प्रतिनिधि विद्यार्थीहरूसमक्ष प्रयोगमा ल्याई सामग्री निर्माण गरिएको छ । प्रस्तुत अध्ययनलाई प्रभावकारी तथा विश्वसनीय बनाउनका लागि मकवानपुर जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूलाई निर्धारित प्रश्न र समयमा चिठी

लेखनमा प्रेरित गराई विद्यालयहरूबाट सङ्कलन गरिएका चिठीहरूलाई प्रक्रियागत रूपमा (मिति, नाम, ठेगाना, सम्बोधन, अभिवादन, प्रस्तुति, समापन, खामको नमुना, विषयवस्तुको पुष्ट्याइ र संयोजन, भाषाशैली, मौलिकता, भाषिक शुद्धता) गरी पाँच पक्षमा केन्द्रित रहेर वस्तुगत अङ्कन प्रदान गरी मूल्याङ्कन गरिएको छ ।

## प्राथमिक स्रोत

प्रस्तुत शोधकार्य कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूलाई निर्धारित समय तोकी लेख्न लगाएको विद्यार्थीहरूको लिखित उत्तरपुस्तिका परीक्षणबाट प्राप्त नतिजालाई प्राथमिक स्रोतको रूपमा लिइएको छ । जसका लागि मकवानपुर जिल्ला भित्रका ८ ओटा विद्यालयका दस/दस जनाका दरले ८० जना विद्यार्थीहरूमा प्रत्यक्ष सम्पर्कमा रही प्रधानाध्यापकहरूको सहयोगमा प्राथमिक स्रोतबाट सङ्कलन गरिएको छ ।

## द्वितीयक स्रोत

प्रस्तुत शोधकार्यमा चिठी लेखन क्षमताको अध्ययनका क्रममा यसभन्दा अगाडिका वर्णहरूमा अध्ययन अनुसन्धान गरिएका शोधपत्र, आवश्यकतानुसारका विविध पाठ्य सामग्रीहरू, पत्रपत्रिका, सन्दर्भ पुस्तकहरूलाई द्वितियक स्रोतका रूपमा लिइएको छ । जसमा लेखन सिप सम्बद्ध अन्य शोधपत्रहरूको समेत पुनरावलोकन गरिएको छ । पाठ्यक्रम, पाठ्यपुस्तक, पुस्तकालय अध्ययन, विषय विशेषज्ञहरूको राय सुझाव र सल्लाह समेत लिइएको छ ।

## तथ्याङ्कको तालिकीकरण, व्याख्या र विश्लेषण

प्रस्तुत अध्ययनमा मकवानपुर जिल्लाका विद्यालयहरूमध्ये आठ ओटा विद्यालयका ८० जना विद्यार्थीहरूलाई आधार बनाइएको छ । कक्षा नौमा अध्ययनरत उक्त विद्यार्थीहरूलाई निर्धारित समयावधिमा लेखिएका उत्तरपुस्तिकाहरू सङ्कलन गरी प्राप्त उत्तरपुस्तिकामा अङ्कित गरिएका प्राप्ताङ्कहरूलाई आदि, मध्य र अन्त्य भाषिक शुद्धता र खामको नमुना लगायतको आधारमा मूल्याङ्कन गरी व्याख्या विश्लेषण गरिएको छ । जसमा भाषिक पृष्ठभूमि, लिङ्गगत, तुलनात्मक लगायतका समूहमा वर्गीकरण गरी तालिकाबद्ध गरी तथ्य विश्लेषणका क्रममा प्रतिशताङ्क गणनाका आधारमा तथ्याङ्कहरूको व्याख्या तथा विश्लेषण गरिएको छ।

## अध्याय : चार

# तथ्याङ्कको व्याख्या तथा विश्लेषण

भाषा मानवीय वस्तु हो । कथ्य र लेख्य गरी भाषाका दुई रूपहरू हुन्छन् । भाषा विचार विनिमयको सशक्त माध्यम पनि हो । भाषिक सीपहरू अन्तर्गत सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिपहरूमध्ये लेखाइ सिपलाई परिष्कृत र अन्तिम सिप मानिन्छ । लेखाइ सिप विकासका लागि विभिन्न क्रियाकलापहरूको माध्यमबाट लेखाइ सिपको विकास गरी भाषालाई मूर्त रूप दिन तथा जीवन्त बनाउन सकिन्छ । विद्यालय तहका विद्यार्थीहरूमा लेखाइ सिपको विकास गर्नका लागि चिठी लेखन कार्य महत्त्वपूर्ण रूपमा लिइन्छ । तसर्थ विद्यार्थीहरूको लेखन सिपको परीक्षण गर्न चिठी विधाको उपयोग गर्नु उपयुक्त देखिन्छ ।

यस अध्ययनबाट मकवानपुर जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको चिठी लेखन क्षमताको अध्ययन शीर्षकमा आधारित भई असम्भाव्य नमुना छनोट विधिको प्रयोग गरी विद्यार्थीहरूको चिठी लेखन क्षमता पहिचान गर्ने उद्देश्य राखिएको छ । जसमा शोधकर्ताद्वारा मकवानपुर जिल्लाभित्रका सामुदायिक विद्यालय र संस्थागत विद्यालयका गरी जम्मा ८ ओटा विद्यालयहरूबाट १०/१० जनाका दरले ८० जना विद्यार्थीहरूबाट आवश्यक तथ्य सङ्कलन गरी उक्त तथ्यलाई साङ्ख्यिकीय विश्लेषण गर्ने दृष्टिकोणले व्यवस्थित गर्ने प्रयत्न गरिएको छ । व्याख्या एवम् विश्लेषणलाई पूर्णता दिन प्रतिशत गणनालाई पूर्ण रूपमा अगाडि सारिएको छ । उक्त विद्यार्थीहरूको विवरण तालिकामा उल्लेख गरिएको छ :

**तालिका सङ्ख्या १**

**प्रतिशतका आधारमा समग्र विद्यार्थीहरूको चिठी लेखन क्षमताको विवरण**

| जम्मा विद्यार्थी सङ्ख्या | ४० प्रतिशतभन्दा कम | ४० देखि ५९ प्रतिशतसम्म | ६० देखि ७९ प्रतिशतसम्म | ८० देखि १०० प्रतिशतसम्म |
|---|---|---|---|---|
| ८० | १०% | ३७.५% | ५१.२५% | १.२५% |

(स्रोत : स्थलगत अध्ययन, २०८०)

उल्लिखित तालिका अनुसार समस्त विद्यार्थीहरूको चिठी लेखन क्षमताको प्रतिशत गणना गर्दा प्रतिनिधि जनसङ्ख्याको रूपमा छनोट गरिएको कूल सङ्ख्या ८० जनालाई विद्यार्थीहरूको


प्राप्ताङ्क प्रतिशतका आधारमा चार श्रेणीमा निर्धारण गरिएको छ । जस अनुसार ४० प्रतिशतभन्दा कम चिठी लेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या १० प्रतिशत देखिन्छ भने ४० देखि ५९ प्रतिशतसम्म चिठी लेखन क्षमता भएका विद्यार्थीहरूका सङ्ख्या ३७.५ प्रतिशत देखिन्छ । ६० देखि ७९ प्रतिशतसम्म चिठी लेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ५१.२५ प्रतिशत देखिन्छ । ८० प्रतिशत र सोभन्दा माथि चिठी लेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या १.२५ प्रतिशत रहेको छ ।

न्यूनतम श्रेणीका रूपमा ४० प्रतिशतभन्दा कम प्राप्ताङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या १० प्रतिशत र उच्चतम प्रप्ताङ्क प्राप्त गर्ने विद्यार्थीको सङ्ख्या १.२५ प्रतिशत रहनुले समग्रतामा विद्यार्थीहरूको चिठी लेखन क्षमता उच्च दक्षतातर्फ उन्मुख भएको देखिन्छ ।

तालिका अनुसार ४० प्रतिशतभन्दा माथि ५९ प्रतिशतभन्दा कम चिठी लेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ३७.५ प्रतिशत रहेको छ । ६० प्रतिशतभन्दा माथि र ७९ प्रतिशतभन्दा कम चिठी लेखन क्षमता भएका विद्यार्थी सङ्ख्या सबैभन्दा बढी ५१.२५ प्रतिशत रहेको छ । समग्रमा हेर्दा न्यूनतम मापन गरिएको प्रतिशतमा कम विद्यार्थी रहनु र ६० देखि ७९ प्रतिशतको बिचमा विद्यार्थीहरूको चिठी लेखन क्षमता ५१.२५ देखिनु, ८० देखि १०० प्रतिशत बिचमा चिठी लेखन क्षमता न्यूनतम १.२५ प्रतिशत देखिनुले विद्यार्थीहरूको चिठी लेखन क्षमता कमजोर नभई उच्च दक्षतातर्फ उन्मुख रहेकाले राम्रो देखिन्छ । यस तथ्यलाई तलको स्तम्भचित्रले प्रमाणित गर्दछ ।

**स्तम्भ चित्र सङ्ख्या : १**

**प्रतिशतका आधारमा समग्र विद्यार्थीहरूको चिठी लेखन क्षमताको विवरण**




(स्रोत : स्थलगत अध्ययन, २०८०)

**तालिका सङ्ख्या २**

**सामुदायिक विद्यालयका विद्यार्थीहरूको चिठी लेखन क्षमताको विवरण**

| जम्मा विद्यार्थी सङ्ख्या | ४० प्रतिशतभन्दा कम | ४० देखि ५९ प्रतिशतसम्म | ६० देखि ७९ प्रतिशतसम्म | ८० देखि १०० प्रतिशतसम्म |
|---|---|---|---|---|
| ४० | १७.५% | ५०% | ३२.५% | ०% |

(स्रोत : स्थलगत अध्ययन, २०८०)


उल्लिखित तालिका अनुसार चार तहमा निर्धारण गरी चिठी लेखनको प्रतिशताङ्क क्षमता पहिचान गर्न ४ ओटा सरकारी विद्यालयका विद्यार्थीहरूबाट नमुना प्रतिनिधि जनसङ्ख्याका रूपमा ४० जना विद्यार्थीहरूलाई छनोट गरिएको छ । जस अनुसार ४० प्रतिशत भन्दा कम प्राप्ताङ्क ल्याउने विद्यार्थीहरूको सङ्ख्या १७.५ प्रतिशत रहेको देखिन्छ । ४० देखि ५९ प्रतिशतसम्म प्राप्ताङ्क ल्याउने विद्यार्थीहरूको सङ्ख्या ५० प्रतिशत सबैभन्दा बढी रहेको देखिन्छ । ६० देखि ७९ प्रतिशतसम्म प्राप्ताङ्क ल्याउने विद्यार्थीको सङ्ख्या ३२.५ प्रतिशत रहेको छ भने उच्च प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या नरहेको पाइयो ।

यसरी हेर्दा न्यूनतम श्रेणीका रूपमा मापन गरिएको ४० प्रतिशतभन्दा कम प्राप्ताङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या १७.५ प्रतिशत उच्चतम श्रेणीमा कुनै विद्यार्थीले प्राप्ताङ्क ल्याउन नसक्नुले विद्यार्थीको उच्च दक्षतामा कमी रहेको पाइयो । ४० देखि ५९ प्रतिशतसम्म भने ५० प्रतिशत रहेको र ६० देखि ७९ प्रतिशतसम्म ३२.५ प्रतिशत देखिनुले कमवानपुर जिल्लामा सामुदायिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरूको सङ्ख्या मध्यस्तरतर्फ उन्मुख देखिन्छ ।

उपर्युक्त तथ्यलाई तलको स्तम्भ चित्रद्वारा प्रमाणित गरिएको छ :

**स्तम्भ चित्र सङ्ख्या २**

**सामुदायिक विद्यालयका विद्यार्थीहरूको चिठी लेखन क्षमताको विवरण**




(स्रोत : स्थलगत अध्ययन, २०८०)

**तालिका सङ्ख्या ३**

**संस्थागत विद्यालयका विद्यार्थीहरूको चिठी लेखन क्षमताको विवरण**

| जम्मा विद्यार्थी सङ्ख्या | ४० प्रतिशतभन्दा कम | ४० देखि ५९ प्रतिशतसम्म | ६० देखि ७९ प्रतिशतसम्म | ८० देखि १०० प्रतिशतसम्म |
|---|---|---|---|---|
| ४० | २.५% | २५% | ७०% | २.५% |

(स्रोत : स्थलगत अध्ययन, २०८०)


प्रस्तुत तालिका अनुसार चार श्रेणीमा निर्धारत विद्यार्थीहरूमध्ये ४० प्रतिशतभन्दा कम चिठी लेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या २.५ प्रतिशत देखिन्छ। ४० देखि ५९ प्रतिशतसम्म चिठी लेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या २५ प्रतिशत रहेको देखिन्छ। त्यसैगरी ६० देखि ७९ प्रतिशतसम्म सबैभन्दा बढी ७० प्रतिशत देखिन्छ। विद्यार्थीहरूको चिठीलेखन क्षमता ८० प्रतिशतदेखि माथि जम्मा २.५ प्रतिशत रहेको

देखिन्छ।

यसरी हेर्दा मकवानपुर जिल्लाका संस्थागत विद्यालयमा कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको चिठी लेखन क्षमतामा ४० प्रतिशत भन्दा कम अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या २०.५ प्रतिशत र ४० देखि ५९ प्रतिशतसम्म २५ प्रतिशत रहेको छ भने ६० देखि ७९ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या ७० प्रतिशत भएको हुँदा संस्थागत विद्यालयका विद्यार्थीहरूको चिठी लेखन क्षमतामा उच्च दक्षता रहेको देखिन्छ। ८० देखि १०० प्रतिशतमा २.५ प्रतिशत रहनुले पनि संस्थागत विद्यालयका विद्यार्थीहरूमा चिठी लेखन क्षमता राम्रो रहेको पुष्टि हुन्छ । उक्त तथ्यलाई स्तम्भ चित्रबाट यसरी प्रस्तुत गर्न सकिन्छ :

**स्तम्भ चित्र सङ्ख्या ३**

**संस्थागत विद्यालयका विद्यार्थीहरूको चिठी लेखन क्षमताको विवरण**




(स्रोत : स्थलगत अध्ययन, २०८०)

**तालिका सङ्ख्या ४**

**भाषिक पृष्ठभूमिको आधारमा नेपाली मातृभाषी विद्यार्थीहरूको चिठी लेखन क्षमताको विवरण**

| जम्मा विद्यार्थी सङ्ख्या | ४० प्रतिशतभन्दा कम | ४० देखि ५९ प्रतिशतसम्म | ६० देखि ७९ प्रतिशतसम्म | ८० देखि १०० प्रतिशतसम्म |
|---|---|---|---|---|
| ४० | १५% | ३७.५% | ४५% | २.५% |


(स्रोत : स्थलगत अध्ययन, २०८०)

प्रस्तुत तालिकामा ४० जना मातृभाषी विद्यार्थीहरूमध्ये ४० प्रतिशतभन्दा कम चिठी लेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या १५ प्रतिशत रहेको छ । ४० देखि ५९ प्रतिशतसम्म चिठी लेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ३७.५ प्रतिशत देखिन्छ भने ६० देखि ७९ प्रतिशतसम्म चिठीलेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ४५ प्रतिशत रहेको छ भने उच्चतम अङ्कको रूपमा ८० देखि १०० प्रतिशतका बिचमा २.५ प्रतिशत विद्यार्थीहरूको चिठीलेखन क्षमता रहेको देखिन्छ ।

यसरी समग्रमा हेर्दा न्यूनतम् मापनका रूपमा रहेको ४० प्रतिशतभन्दा कम चिठी लेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या १५ प्रतिशत देखिनु कमजोर भए पनि ८० प्रतिशतदेखि माथि क्षमता भएका विद्यार्थी सङ्ख्या २.५ प्रतिशत देखिनुले नेपाली मातृभाषी भएर पनि अच्चतम अङ्क प्राप्तिमा कमजोर रहेको देखिन्छ । तरपनि माध्यम मानकका रूपमा निर्धारित गरिएको ४० देखि ५९ प्रतिशतसम्म ३७.५ प्रतिशत भएपनि ६० देखि ७९ प्रतिशतसम्म भने ४५ प्रतिशत देखिनु नेपाली मातृभाषी विद्यार्थीको चिठीलेखन क्षमता राम्रो देखिन्छ । यस तथ्यलाई तलको स्तम्भ चित्रद्वारा थप प्रष्ट पारिएको छ :

**स्तम्भ चित्र सङ्ख्या ४**

**भाषिक पृष्ठभूमिको  आधारमा नेपाली मातृभाषी विद्यार्थीहरूको चिठी लेखन क्षमताको विवरण**




(स्रोत : स्थलगत अध्ययन, २०८०)

**तालिका सङ्ख्या ५**

**भाषिक पृष्ठभूमिको आधारमा नेपाली विमातृभाषी विद्यार्थीहरूको चिठी लेखन क्षमताको विवरण**

| जम्मा विद्यार्थी सङ्ख्या | ४० प्रतिशतभन्दा कम | ४० देखि ५९ प्रतिशतसम्म | ६० देखि ७९ प्रतिशतसम्म | ८० देखि १०० प्रतिशतसम्म |
|---|---|---|---|---|
| ४० | ५% | ३७.५% | ५७.५% | ०% |


(स्रोत : स्थलगत अध्ययन, २०८०)

प्रस्तुत तालिकामा ४० जना नेपाली विमातृभाषी विद्यार्थीहरूमध्ये ४० प्रतिशतभन्दा कम चिठी लेखन क्षमता भएका विद्यार्थी सङ्ख्या ५ प्रतिशत देखिन्छ । ४० प्रतिशत भन्दा माथि ५९ प्रतिशतभन्दा कम ३७.५ प्रतिशत विद्यार्थीहरूको चिठी लेखन क्षमता रहेको देखिन्छ भने ६० देखि ७९ प्रतिशतसम्म ५७.५ प्रतिशत विद्यार्थीहरूको चिठीलेखन क्षमता राम्रो देखिन्छ भने ८० देखि १०० प्रतिशतसम्म शून्य प्रतिशत देखिन्छ ।

नेपाली विमातृभाषी विद्यार्थीहरूको ४० प्रतिशतभन्दा कम चिठी लेखन क्षमता भएका विद्यार्थी ५ प्रतिशत मात्र देखिनु, ४० देखि ५९ प्रतिशतसम्म ३७.५ प्रतिशत विद्यार्थीहरूको चिठी लेखन क्षमता देखिएको छ भने ६० देखि ७९ प्रतिशतसम्म चिठी लेखन क्षमता ५७.५ प्रतिशत देखि विमातृभाषी विद्यार्थीहरूको चिठी लेखन क्षमता उच्च दक्षतातर्फ उन्मुख भएको देखिन्छ । यस तथ्यलाई स्तम्भ चित्रद्वारा थप प्रष्ट पारिएको छ ।

**स्तम्भ चित्र सङ्ख्या ५**

**भाषिक पृष्ठभूमिको आधारमा नेपाली विमातृभाषी विद्यार्थीहरूको चिठी लेखन क्षमताको विवरण**




(स्रोत : स्थलगत अध्ययन, २०८०)

**तालिका सङ्ख्या ६**

**लिङ्गका आधारमा छात्रा विद्यार्थीहरूको चिठी लेखन क्षमताको विवरण**

| कुल विद्यार्थी सङ्ख्या | ४० प्रतिशतभन्दा कम | ४० देखि ५९ प्रतिशतसम्म | ६० देखि ७९ प्रतिशतसम्म | ८० देखि १०० प्रतिशतसम्म |
|---|---|---|---|---|
| सामुदायिक २० | ५% | २२.५% | २२.५% | ०% |
| संस्थागत २० | ०% | ५% | ४२.५% | २.५% |
| जम्मा ४० | ५% | २७.५% | ६५% | २.५% |

(स्रोत : स्थलगत अध्ययन, २०८०)


उपर्युक्त तालिका अनुसार समस्त विद्यार्थीहरू मध्येबाट छात्रा विद्यार्थीहरूको चिठी लेखन क्षमताको पहिचान गर्न चारओटा श्रेणी निर्धारण गरी ४० जना छात्राहरूलाई प्रतिनिधि जनसङ्ख्याको रूपमा चयन गरिएको छ । यसमा सामुदायिक विद्यालयबाट २० जना र संस्थागत विद्यालयबाट २० जना छात्राहरूको प्रतिनिधित्व गराइएको छ । प्रस्तुत अध्ययनमा ४० प्रतिशतभन्दा कम चिठी लेखन क्षमता भएका छात्राहरूको सङ्ख्या ५ प्रतिशत देखिन्छ । जसमध्ये सामुदायिक

विद्यालयका छात्राहरूको सङ्ख्या ५ प्रतिशत देखिन्छ भने संस्थागत विद्यालयका छात्राको सङ्ख्या शून्य प्रतिशत देखिन्छ । ४० प्रतिशतदेखि ५९ प्रतिशतसम्म चिठी लेखन क्षमता भएका छात्राको सङ्ख्या २७.५ प्रतिशत रहेको देखिन्छ । जसमा सामुदायिक विद्यालयका विद्यार्थी २२.५ प्रतिशत र संस्थागत विद्यालयका विद्यार्थी ५ प्रतिशत छात्रा रहेका छन् । त्यसैगरी सामुदायिक विद्यालयका २२.५ प्रतिशत र संस्थागतका छात्राहरू ४२.५ प्रतिशत रहेका छन् । त्यसैगरी उच्चतम श्रेणीका रूपमा रहेको ८० देखि १०० प्रतिशत भित्रका विद्यार्थी २.५ प्रतिशत रहेका छन् । जसमध्ये सामुदायिक विद्यालयको शून्य प्रतिशत छ भने संस्थागत विद्यालयको छात्राको २.५ प्रतिशत सङ्ख्या रहेको देखिन्छ ।

यसरी हेर्दा सामुदायिक विद्यालयका छात्राहरू ८० प्रतिशतभन्दा माथिको श्रेणीमा २.५ अङ्कले पछि परे पनि ६० देखि ७९ प्रतिशतसम्म सामुदायिक विद्यालयको भन्दा संस्थागत विद्यालयको विद्यार्थीहरूको उच्च दक्षता राम्रो देखिन्छ । ४० प्रतिशत देखि तलको श्रेणीमा संस्थागत विद्यालयका विद्यार्थीहरू नपर्नु भनेको तुलनात्मक रूपमा सामुदायिक विद्यालयका तुलनामा संस्थागत विद्यालयका छात्राहरूमा चिठी लेखन क्षमतामा सक्षम देखिनु उच्च दक्षता तर्फ उन्मुख देखिन्छ । जसलाई स्तम्भ चित्रले प्रष्ट बनाएको छ ।

**स्तम्भ चित्र सङ्ख्या ६**

**छात्रा विद्यार्थीहरूको चिठी लेखन क्षमताको विवरण**




(स्रोत : स्थलगत अध्ययन, २०८०)

**तालिका सङ्ख्या ७**

**लिङ्गका आधारमा छात्र विद्यार्थीहरूको चिठी लेखन क्षमताको विवरण**

| कुल विद्यार्थी सङ्ख्या | ४० प्रतिशतभन्दा कम | ४० देखि ५९ प्रतिशतसम्म | ६० देखि ७९ प्रतिशतसम्म | ८० देखि १०० प्रतिशतसम्म |
|---|---|---|---|---|
| सामुदायिक २० | १२.५% | २७.५% | १०% | ०% |
| संस्थागत २० | २.५% | २०% | २७.५% | ०% |
| जम्मा ४० | १५% | ४७.५% | ३७.५% | ०% |

(स्रोत : स्थलगत अध्ययन, २०८०)


उपर्युक्त तालिका अनुसार समग्र विद्यार्थीहरूमध्येबाट छात्र विद्यार्थीहरूको चिठी लेखन क्षमताको पहिचान गर्न चारओटा श्रेणी निर्धारण गरी ४० जना छात्रहरूलाई प्रतिनिधि जनसङ्ख्याको रूपमा छनोट गरिएको छ । जसमा सामुदायिक विद्यालयबाट २० र संस्थागत विद्यालयबाट २० जना छात्र लिइएको छ ।

प्रस्तुत अध्ययनमा ४० प्रतिशत भन्दा कम चिठी लेखन क्षमता भएका छात्रहरूको सङ्ख्या १४ प्रतिशत रहेको छ । जसमा सामुदायिक विद्यालयका विद्यार्थी १२.५ प्रतिशत र संस्थागत विद्यालयका विद्यार्थी २.५ प्रतिशत रहेका छन् । त्यसैगरी ४० देखि ५९ प्रतिशतसम्म ४७.५ प्रतिशत विद्यार्थी रहेका छन् । जसमध्ये सामुदायिकतर्फ २७.५ प्रतिशत र संस्थागततर्फ २० प्रतिशत रहेका छन् भने ६० देखि ७९ प्रतिशतसम्म ३७.५ प्रतिशत विद्यार्थीहरू रहेका छन् । जसमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको सङ्ख्या १० प्रतिशत रहेको छ भने संस्थागत विद्यालयका विद्यार्थीहरूको सङ्ख्या २७.५ प्रतिशत रहेको छ । उच्च श्रेणी मानिएको ८० देखि १०० प्रतिशत तर्फ दुवै विद्यालयका विद्यार्थीहरूको सङ्ख्या शून्य प्रतिशत देखिन्छ ।

माथिको तालिकाबाट के बुझ्न सकिन्छ भने सामुदायिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थीको तुलनामा संस्थागत विद्यालयमा अध्ययनरत छात्रहरूको चिठी लेखन क्षमता राम्रो रहेको अध्ययनबाट स्पष्ट बनाएको छ । जसलाई तलको स्तम्भ चित्रबाट स्पष्ट पारिएको छ :

### स्तम्भ चित्र सङ्ख्या ७

### लिङ्गको आधारमा छात्र विद्यार्थीहरूको चिठी लेखन क्षमताको विवरण




(स्रोत : स्थलगत अध्ययन, २०८०)

### तालिका सङ्ख्या ८

### हेटौँडा उपमहानगरपालिका भित्रका सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको चिठी लेखन क्षमताको विवरण

| कुल विद्यार्थी सङ्ख्या | ४० प्रतिशतभन्दा कम | ४० देखि ५९ प्रतिशतसम्म | ६० देखि ७९ प्रतिशतसम्म | ८० देखि १०० प्रतिशतसम्म |
|---|---|---|---|---|
| सामुदायिक २० | ०% | २२.५% | २७.५% | ०% |
| संस्थागत २० | २.५% | १२.५% | ३५% | ०% |
| जम्मा ४० | २.५% | ३५% | ६२.५% | ०% |

(स्रोत : स्थलगत अध्ययन, २०८०)

प्रस्तुत तालिका अनुसार समस्त विद्यार्थीहरू मध्येबाट मकवानपुर जिल्लाको हेटौँडा उपमहानगरपालिका भित्रका सामुदायिक र संस्थागत विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरूको चिठी लेखन क्षमताको पहिचान गर्न नगरभित्रकै चारओटा विद्यालय छनोट गरी ४० जना विद्यार्थीहरूलाई नमुनाका रूपमा छनोट गरिएको छ। जसमा २ सामुदायिक विद्यालयबाट १०/१० जनाका दरले २०


जना रहेका छन् । विद्यार्थीहरूको चिठी लेखन क्षमता पहिचान गर्न ४ ओटा श्रेणी निर्धारण गरिएको यस अध्ययनमा ४० प्रतिशतभन्दा कम चिठी लेखन क्षमता सामुदायिकमा शून्य प्रतिशत र संस्थागतमा २.५ प्रतिशत देखिन्छ । त्यसैगरी ४० देखि ५९ प्रतिशतसम्म चिठी लेखन क्षमता सामुदायिकमा २२.५ प्रतिशत देखियो भने संस्थागतमा १२.५ प्रतिशत पाइयो । ६० देखि ७९ प्रतिशतसम्म सामुदायिक विद्यालयतर्फ २७.५ प्रतिशत र संस्थागततर्फ ३५ प्रतिशत रहेको छ भने उच्च तर्फ ८० देखि १०० प्रतिशत अन्तर्गत दुवै विद्यालयहरूको चिठीलेखन क्षमता सङ्ख्या शून्य प्रतिशत रहेको छ ।

यसरी हेर्दा हेटौँडा उपमहानगरपालिका भित्रका सामुदायिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थीमा भन्दा संस्थागत विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरूको चिठी लेखन क्षमता राम्रो रहेको देखिन्छ ।

माथिको तथ्यलाई तलको स्तम्भ चित्रबाट अझ प्रस्ट पार्न सकिन्छ :

**स्तम्भ चित्र सङ्ख्या ८**

**हेटौँडा उपमहानगरपालिका भित्रका सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको चिठीलेखन क्षमताको विवरण**




(स्रोत : स्थलगत अध्ययन, २०८०)

## तालिका सङ्ख्या ९

## मनहरी गाउँपालिका भित्रका सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको चिठी लेखन क्षमताको विवरण

| कुल विद्यार्थी सङ्ख्या | ४० प्रतिशतभन्दा कम | ४० देखि ५९ प्रतिशतसम्म | ६० देखि ७९ प्रतिशतसम्म | ८० देखि १०० प्रतिशतसम्म |
|---|---|---|---|---|
| सामुदायिक २० | १७.५% | २७.५% | ५% | ०% |
| संस्थागत २० | ०% | १२.५% | ३५% | २.५% |
| जम्मा ४० | १७.५% | ४०% | ४०% | २.५% |


(स्रोत : स्थलगत अध्ययन, २०८०)

माथि प्रस्तुत तालिकामा समस्त विद्यार्थीहरू मध्येबाट मकवानपुर जिल्लाको मनहरी गाउँपालिकामा रहेका २ संस्थागत र २ सामुदायिक विद्यालयबाट १०/१० जनाका दरले ४० जना विद्यार्थीहरूलार्य नमुना जनसङ्ख्याका रूपमा छनोट गरी विद्यार्थीहरूको चिठी लेखन क्षमताको पहिचान गर्न ४ ओटा श्रेणी निर्धारण गरेर गरिएको यस अध्ययनमा ४० प्रतिशत भन्दा कम सामुदायिक विद्यालयतर्फ १७.५ प्रतिशत रहेको छ भने संस्थागत तर्फ शून्य प्रतिशत रहेको देखिन्छ। त्यसैगरी ४० देखि ६९ प्रतिशत भित्र ४० प्रतिशत सङ्ख्या रहेको छ जसमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको सङ्ख्या २७.५ प्रतिशत रहेको छ भने संस्थागत विद्यालयका विद्यार्थीहरूको चिठी लेखन क्षमता १२.५ प्रतिशत रहेको छ। ६० देखि ७९ प्रतिशतसम्म जम्मा ४० प्रतिशत रहेकोमा सामुदायिकतर्फ ५ प्रतिशत छ भने संस्थागततर्फ ३५ प्रतिशत रहेको देखिन्छ। उच्चतम अङ्कतर्फ सामुदायिक विद्यालयका विद्यार्थीहरूको सङ्ख्या शून्य प्रतिशत रहेको छ भने संस्थागत विद्यालयका विद्यार्थीहरूको चिठी लेखन क्षमता २.५ प्रतिशत रहेको छ।

समस्तमा हेर्दा मनहरी गाउँपालिका भित्रका विद्यालयका विद्यालयका विद्यार्थीहरूको चिठीलेखन क्षमतामा धेरै फरक देखिए तापनि न्यूनतम ४० प्रतिशतभन्दा कम १७.५ प्रतिशत देखिनु ८० देखि १०० प्रतिशततर्फ पनि शून्य प्रतिशत आउनु सामुदायिक विद्यालय संस्थागत विद्यालयको तुलनामा सुधार उन्मुख रहेको देखिन्छ। यस तथ्यलाई तलको स्तम्भ चित्रद्वारा प्रस्टाइएको छ।

**स्तम्भ चित्र सङ्ख्या ९**

**मनहरी गाउँपालिका भित्रका सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको चिठी लेखन क्षमताको विवरण**




(स्रोत : स्थलगत अध्ययन, २०८०)

## तुलनात्मक अध्ययन

## परिचय

तुलना भन्नाले दुई वा सोभन्दा बढी पक्षहरूको समानता र असमानताको पहिचान हो । तसर्थ दुई वा सोभन्दा बढी चलहरूको तुलना गर्ने विधिलाई तुलनात्मक विधि भनिन्छ । विभिन्न घटना, कार्य, अवस्था प्रकृया आदिको तुलना गरी निष्कर्षमा पुग्न सकिन्छ । सामग्रीहरूको सङ्कलन र व्याख्या विश्लेषण वस्तुपरक हुन्छ । यसमा प्राथमिक र द्वितीय दुवै स्रोतबाट सामग्री सङ्कलन गर्न सकिन्छ । तुलना गर्ने क्रममा अनुसन्धानकर्ता कुनकुन पक्षमा, के कसरी तुलना गर्ने भन्ने विषयमा स्पष्ट हुनुपर्छ (भण्डारी, पोखरेल, केशवराज र काफ्ले, उमेश, २०७५, पृ.३१) । अतः तुलनात्मक अध्ययनबाट नेपाली भाषा, भाषिका, उपभाषिका, पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षण विधि, शिक्षण सामग्री, बोध, अभिव्यक्ति, भाषिक सीप आदि क्षेत्रलाई पनि अध्ययनीय उद्देश्यका आधारमा तुलनात्मक बनाउन प्रभावकारी भूमिका निर्वाह गर्दछ ।

## सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको चिठीलेखन क्षमताको तुलनात्मक अध्ययन

**तालिका सङ्ख्या १०**

**सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको चिठीलेखन क्षमताको तुलना**

| कुल विद्यार्थी सङ्ख्या | प्रतिशत स्थिति | प्रतिशत | |
|---|---|---|---|
| | | सामुदायिक | संस्थागत |
| ४० + ४० = ८० | ४० प्रतिशत भन्दा कम | १७.५ | २.५ |
| | ४०-५९ प्रतिशतसम्म | ५० | २.५ |
| | ६०-७९ प्रतिशतसम्म | ३२.५ | ७० |
| | ८०-१०० प्रतिशतसम्म | ० | २.५ |
| **जम्मा** | | **१००** | **१००** |

(स्रोत : स्थलगत अध्ययन, २०८०)

प्रस्तुत तालिका अनुसार सामुदायिक र संस्थागत दुबै विद्यालयका विद्यार्थीहरूको चिठीलेखन क्षमताको तुलनात्मक अध्ययन गर्न चारओटा श्रेणी निर्धारण गरिएको छ । जसमा ६० प्रतिशतभन्दा कम र ६० प्रतिशत भन्दा बढी अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्यालाई सामुदायिक र संस्थागत विद्यालय बिचमा तुलना गरिएको छ । यस अनुसार ६० प्रतिशत भन्दा तल अङ्क प्राप्त गर्ने सामुदायिकमा ५० प्रतिशत छ भने संस्थागतमा २५ प्रतिशत रहेको छ । त्यसैले ६० प्रतिशत माथि सामुदायिकतर्फ ३२.५ प्रतिशत रहेको छ भने संस्थागततर्फ ७० प्रतिशत रहेको देखिन्छ । यस अध्ययनबाट सामुदायिक विद्यालयको भन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको चिठी लेखन क्षमता उत्कृष्ट तथा उच्चतम तर्फ उन्मुख भएको देखिन्छ । माथिको तालिका अनुसार संस्थागत विद्यालयको तुलनामा सामुदायिक विद्यालयका विद्यार्थीहरूको चिठी लेखन क्षमता कमजोर देखिनुका पछाडि शिक्षक, अभिभावक र विद्यार्थीबिचको त्रिकोणात्मक सम्बन्धमा सुधार गर्नुपर्ने देखिन्छ । उक्त तथ्यलाई तलको स्तम्भ चित्रद्वारा थप प्रस्ट पारिएको छ ।

**तालिका सङ्ख्या १०**

**सामुदायिक विद्यालय र संस्थागत विद्यालयका विद्यार्थीहरूको चिठी लेखन क्षमताको t-परीक्षण गणना तालिका**

| विद्यालयको प्रकृति | विद्यार्थी सङ्ख्या | मध्यक मान | स्तरीय भिन्नता | t- परीक्षण |
|---|---|---|---|---|
| सामुदायिक विद्यालय | ४० | ५ | १.३७ | ५.२६५८ |
| संस्थागत विद्यालय | ४० | ६.३५ | १.१७ | |

(स्रोत : स्थलगत अध्ययन, २०८०)

माथिको तालिका सङ्ख्या १० ले सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको चिठी लेखन क्षमताको अध्ययन गर्दा सामुदायिक विद्यालयको मध्यक मान ५ र संस्थागत विद्यालयको मध्यक मान ६.३५ आएको छ । साथै स्तरीय भिन्नता सामुदायिक विद्यालयको १.३७ र संस्थागतको १.१७ रहेको पाइयो । ५ प्रतिशत महत्त्वको स्तरमा t- परीक्षण गर्दा ५.२६५८ पाइयो जुन मान ( ±१.९९०) भन्दा बाहिर भएको पाइयो । यसका आधारमा शून्य परिकल्पना अस्वीकार भयो । त्यसैले वैकल्पिक परिकल्पना स्वीकार भएको पाइयो । वैकल्पिक परिकल्पना स्वीकार हुँदा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको चिठी लेखन क्षमता समान नरहेको देखिन्छ ।

**तालिका सङ्ख्या १०**

**सामुदायिक विद्यालय र संस्थागत विद्यालयका विद्यार्थीहरूको चिठी लेखन क्षमताको भिन्नताको गुणाङ्कको मान तालिका**

| विद्यालयको प्रकृति | विद्यार्थी सङ्ख्या | मध्यिका मान | भिन्नता को गुणाङ्क |
|---|---|---|---|
| सामुदायिक विद्यालय | ४० | ५ | १.३७ |
| संस्थागत विद्यालय | ४० | ६.३५ | १.१७ |

(स्रोत : स्थलगत अध्ययन, २०८०)

माथिको तालिका को आधारमा सामुदायिक र संस्थागत विद्यालयको मध्यिका मान क्रमश : ४.५ र ६.५ रहेको पाइयो । सामुदायिक विद्यालयको मध्यिका मान संस्थागत विद्यालयका विद्यार्थीहरूको भन्दा २ अङ्कले कम रहेको पाइयो । त्यसैगरी सामुदायिक र संस्थागत विद्यालयको भिन्नताको गुणाङ्कको मान क्रमश : ०.२७ र ०.१८ रहेका पाइयो । जसले संस्थागत विद्यालयको भिन्नताको गुणाङ्कको मान सामुदायिक विद्यालयको विद्यार्थीहरूको भन्दा कम रहेको र मध्यिका

मान संस्थागत विद्यालयको बढी रहेकाले संस्थागत विद्यालयका विद्यार्थीहरूको चिठी लेखन क्षमता सामुदायिक विद्यालयका विद्यार्थीहरूको भन्दा राम्रो रहेको पाइयो ।

**भाषिक पृष्ठभूमिको आधारमा नेपाली मातृभाषी र नेपाली विमातृभाषी विद्यार्थीहरूको चिठी लेखन क्षमताको तुलनात्मक अध्ययन**

**तालिका सङ्ख्या ११**

**भाषिक पृष्ठभूमिको आधारमा नेपाली मातृभाषी र नेपाली विमातृभाषी विद्यार्थीहरूको चिठी लेखन क्षमताको तुलना**

| कुल विद्यार्थी सङ्ख्या | प्रतिशत स्थिति | प्रतिशत | |
|---|---|---|---|
| | | मातृभाषी | विमातृभाषी |
| ४० + ४० = ८० | ४० प्रतिशत भन्दा कम | १५ | ५ |
| | ४०-५९ प्रतिशतसम्म | ३७.५ | ३७.५ |
| | ६०-७९ प्रतिशतसम्म | ४५ | ५७.५ |
| | ८०-१०० प्रतिशतसम्म | २.५ | ० |
| **जम्मा** | | **१००** | **१००** |

(स्रोत : स्थलगत अध्ययन, २०८०)

प्रस्तुत तालिका अनुसार भाषिक पृष्ठभूमिको आधारमा नेपाली मातृभाषी र नेपाली विमातृभाषी विद्यार्थीहरूको चिठी लेखन क्षमताको तुलना गर्दा ८० प्रतिशत भन्दा माथि २.५ प्रतिशत मातृभाषी विद्यार्थीको पाइयो भने विमातृभाषी शून्य प्रतिशत रहेको छ । नेपाली भाषा दोस्रो भाषा भएका कारण पनि विमातृभाषी विद्यार्थीहरूको चिठी लेखन क्षमता ८०-१०० प्रतिशतसम्म कमजोर पाइए पनि श्रेणी मापनको ४० प्रतिशतभन्दा कममा विमातृभन्दा मातृभाषी विद्यार्थी कमजोर देखिन्छन् भने ४०-५९ प्रतिशतसम्म  र ६०-७९ प्रतिशतसम्म प्रतिशत श्रेणीमा विमातृभाषी विद्यार्थीहरू नै अग्र स्थानमा देखापरेका छन् । यस तथ्यलाई तलको स्तम्भ चित्रले थप प्रस्ट्याइएको छ ।

**तालिका सङ्ख्या ११**

**भाषाको आधारमा मातृभाषी र विमातृभाषी विद्यार्थीहरूको चिठी लेखन क्षमताको t-परीक्षण गणना तालिका**

| भाषाको प्रकृति | विद्यार्थी सङ्ख्या | मध्यक मान | स्तरीय भिन्नता | t- परीक्षण |
|---|---|---|---|---|
| मातृभाषी | ४० | ५.४८ | १.४९ | - ४.१६ |
| विमातृभाषी | ४० | ५.८६ | १.१३७ | |

(स्रोत : स्थलगत अध्ययन, २०८०)

माथिको तालिका सङ्ख्या ११ को आधारमा मातृभाषी र विमातृभाषी विद्यार्थीहरूको चिठी लेखन क्षमताको अध्ययन गर्दा मातृभाषी विद्यार्थीको मध्यक मान ५.८६ आएको छ । साथै स्तरीय भिन्नता मातृभाषी विद्यार्थीको १.४९ र विमातृभाषी विद्यार्थीको १.३७ रहेको पाइयो । ५ प्रतिशत महत्त्वको स्तरमा t- परीक्षण गर्दा -४.१६ पाइयो जुन मान (±१.९९०) भन्दा बाहिर भएको पाइयो । यसको आधारमा शून्य परिकल्पना अस्वीकार भयो । त्यसैले वैकल्पिक परिकल्पना स्वीकार भएको पाइयो । वैकल्पिक परिकल्पना स्वीकार हुँदा दुबै तर्फको विचमा एउटै प्रमाणिक अन्तर नरहेको पाइयो ।

**तालिका सङ्ख्या ११**

**मातृभाषी र विमातृभाषी विद्यार्थीहरूको चिठी लेखन क्षमताको भिन्नताको गुणाङ्कको मान तालिका**

| भाषाको प्रकृति | विद्यार्थी सङ्ख्या | मध्यिका मान | भिन्नताको गुणाङ्क |
|---|---|---|---|
| मातृभाषी | ४० | ५.५ | ०.२७ |
| विमातृभाषी | ४० | ६.५ | ०.२३ |

(स्रोत : स्थलगत अध्ययन, २०८०)

माथिको तालिका को आधारमा मातृभाषी विद्यार्थी र विमातृभाषी विद्यार्थीको मध्यिका मान क्रमश : ५.५ र ६.५ रहेको पाइयो । विमातृभाषी विद्यार्थीहरूको मध्यिका मान मातृभाषी विद्यार्थीहरूको भन्दा १ अङ्कले बढी रहेको पाइयो । भिन्नताको गुणाङ्क मातुभाषी र विमातृभाषी को क्रमश : ०.२७ र ०.२३ रहेको पाइयो । जसले मातृभाषी विद्यार्थीको भिन्नताको गुणाङ्कको मान विमातृभाषी विद्यार्थीहरूको भन्दा बढी रहेको र मध्यिका मान मातृभाषाको भन्दा विमातृभाषीको बढी रहेको पाइयो ।

## लिङ्गका आधारमाा छात्र तथा छात्राहरूको चिठी लेखन क्षमताको तुलनात्मक अध्ययन

### तालिका सङ्ख्या १२

### लिङ्गका आधारमाा छात्र तथा छात्राहरूको चिठी लेखन क्षमताको तुलना

| कुल विद्यार्थी सङ्ख्या | प्रतिशत स्थिति | प्रतिशत | |
|---|---|---|---|
| | | छात्र | छात्रा |
| ४० + ४० = ८० | ४० प्रतिशत भन्दा कम | १५ | ५ |
| | ४०-५९ प्रतिशतसम्म | ४७.५ | २७.५ |
| | ६०-७९ प्रतिशतसम्म | ३७.५ | ६५ |
| | ८०-१०० प्रतिशतसम्म | ० | २.५ |
| **जम्मा** | | **१००** | **१००** |

(स्रोत : स्थलगत अध्ययन, २०८०)

प्रस्तुत तालिका अनुसार छात्र तथा छात्रा विद्यार्थीहरूको तुलनात्मक अध्ययन गर्दा चिठी लेखनमा ८० प्रतिशत देखि माथि सुधार उन्मुख रहेको छ भने ४०-५९ र ६०-७९ प्रतिशतमा तुलना गर्दा छात्र विद्यार्थीहरूभन्दा छात्रा विद्यार्थीहरूको चिठी लेखन क्षमता राम्रो रहेको देखिन्छ ।

यसरी हेर्दा लैङ्गिक आधारमा छात्रहरू र छात्राहरूबिचको चिठी लेखन क्षमतामा अन्तर रहेको पुस्टि हुन्छ । छात्र भन्दा छात्राको सङ्ख्या प्रतिशत राम्रो देखिनु छात्राहरूको विषयवस्तुको ज्ञान, ढाँचा र वाक्य गठन सम्बन्धी ज्ञान बढी रहेको देखिन्छ । यस अध्ययनको तथ्यलाई तलको स्तम्भ चित्रद्वारा प्रस्ट पार्न सकिन्छ ।

### तालिका सङ्ख्या १२

### लिङ्गको आधारमा छात्र र छात्रा विद्यार्थीहरूको चिठी लेखन क्षमताको t- परीक्षण गणना तालिका

| लिङ्गको आधारमा | विद्यार्थी सङ्ख्या | मध्यकमान | स्तरीय भिन्नता | t- परीक्षण |
|---|---|---|---|---|
| छात्र | ४० | ५.१२ | १.३२ | ३.३५ |
| छात्रा | ४० | ६.१३ | १.३७ | |

(स्रोत : स्थलगत अध्ययन, २०८०)

माथिको तालिका सङ्ख्या १२ मा छात्र र छात्राहरूको चिठी लेखन क्षमताको अध्ययन गर्दा छात्रको मध्यक मान ५.१२ आएको छ र छात्राको मध्यक मान ६.१३ आएको छ । स्तरीय भिन्नता छात्र र छात्राको कमश : १.३२ र १.३७ रहेको पाइयो । ५ प्रतिशत महत्त्वको स्तरमा t- परीक्षण गर्दा ३.३५ पाइयो जुन मान (±१.९९०) भन्दा बाहिर भएको पाइयो । यसको आधारमा शून्य

परिकल्पना अस्वीकार भयो । त्यसैले वैकल्पिक परिकल्पना स्वीकार भएको पाइयो । वैकल्पिक परिकल्पना स्वीकार हुँदा छात्र र छात्राका सिकाइ स्तर एउटै नरहेको पाइयो ।

**तालिका सङ्ख्या १२**

**मातृभाषी र विमातृभाषी विद्यार्थीहरूको चिठी लेखन क्षमताको भिन्नताको गुणाङ्कको मान तालिका**

| लिङ्गको आधारमा | विद्यार्थी सङ्ख्या | मध्यिका मान | भिन्नताको गुणाङ्क |
|---|---|---|---|
| छात्र | ४० | ५ | ०.२५ |
| छात्रा | ४० | ६.५ | ०.२२ |

(स्रोत : स्थलगत अध्ययन, २०८०)

माथिको तालिका अनुसार लिङ्गको आधारमा छात्र र छात्रा विद्यार्थीको मध्यिका मान क्रमश : ५ र ६.५ रहेको पाइयो । छात्रहरूको मध्यिका मान छात्राहरूको भन्दा १.५ अङ्कले बढी रहेको पाइयो । छात्र र छात्राहरूको भिन्नताको गुणाङ्कको मान क्रमश : ०.२५ र ०.२२ रहेको पाइयो । जसले छात्रको भिन्नताको गुणाङ्कको मान छात्राहरूको भन्दा बढी रहेको र मध्यिका मान छात्राहरूको बढी रहेको पाइयो ।

**क्हेटौँडा उपमहानगरपालिका र मनहरी गाउँपालिका भित्रका विद्यार्थीहरूको चिठी लेखन क्षमताको तुलनात्मक अध्ययन**

**तालिका सङ्ख्या १३**

**हेटौँडा उपमहानगरपालिका र मनहरी गाउँपालिका भित्रका विद्यार्थीहरूको चिठी लेखन क्षमताको तुलना**

| कुल विद्यार्थी सङ्ख्या | प्रतिशत स्थिति | प्रतिशत | |
|---|---|---|---|
| | | हेटौँडा उ.म.न.पा. | मनहरी गा.पा. |
| ४० + ४० = ८० | ४० प्रतिशत भन्दा कम | २.५ | १७.५ |
| | ४०-५९ प्रतिशतसम्म | ३५ | ४० |
| | ६०-७९ प्रतिशतसम्म | ६२.५ | ४० |
| | ८०-१०० प्रतिशतसम्म | ० | २.५ |
| **जम्मा** | | **१००** | **१००** |

(स्रोत : स्थलगत अध्ययन, २०८०)

माथि प्रस्तुत गरिएको तालिका अनुसार हेटौँडा उपमहानगरपालिका र मनहरी गाउँपालिका भित्रका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको चिठी लेखन क्षमता पहिचान गर्न नगर र गाउँपालिका अन्तर्गतका ४०/४० जना विद्यार्थीहरूलाई प्रतिनिधि नमुना छनोट गरिएको छ । जसमा ४० प्रतिशत भन्दा कम हेटौँडा उपमहानगरपालिकाभित्रको विद्यार्थी सङ्ख्या २.५ प्रतिशत र मनहरी गाउँपालिका अन्तर्गतका विद्यार्थी सङ्ख्या १७.५ प्रतिशत देखिन्छ ।

त्यसैगरी ४०-५९ प्रतिशतसम्म नगरपालिकातर्फ ३५ प्रतिशत छ भने गाउँपालिकातर्फ ४० प्रतिशत रहेको छ । ६०-७९ प्रतिशतसम्म हेटौँडातर्फ ६२.५ प्रतिशत अङ्क प्राप्त गरेका छन् भने मनहरी तर्फ ४० प्रतिशत अङ्क प्राप्त गरेका छन् । त्यस्तै उच्च श्रेणीतर्फ ८० देखि १०० प्रतिशतसम्म मनहरी गाउँपालिकाले २.५ प्रतिशत अङ्क प्राप्त गर्नु उत्कृष्टतर्फ उन्मुख भएको देखिन्छ भने हेटौँडा उपमहानगरपालिकाका विद्यार्थीहरूको शून्य प्रतिशत रहेको छ ।

यसप्रकार समग्रमा हेर्दा हेटौँडा उपमहानगरपालिकाका विद्यार्थी ६०-७९ प्रतिशततर्फ राम्रो रहेको देखिन्छ । नगरभन्दा गाउँमा विद्यार्थीहरूको उच्च दक्षतातर्फ उन्मुख भएको हेर्दा गाउँमा सुधारोन्मुख अवस्थालाई इङ्कित गर्दछ । तसर्थ माथिको तथ्यलाई थप स्पस्ट बनाउन तलको स्तम्भ चित्रले प्रस्ट्याउँछ ।

# अध्याय : पाँच

# निष्कर्ष र सुझावहरू

कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको चिठी लेखन क्षमताको अध्ययनका लागि गरिएको यस अनुसन्धानमा मकवानपुर जिल्लाका हेटौँडा उपमहानगरपालिका भित्रका ४ ओटा विद्यालयमध्ये २ ओटा सामुदायिक र २ ओटा संस्थागत विद्यालय तथा मनहरी गाउँपालिका भित्रका ४ ओटा विद्यालयमध्ये २ ओटा सामुदायिक र २ ओटा संस्थागत गरी जम्मा ८ ओटा विद्यालयहरूबाट १०/१० जना विद्यार्थीहरूका दरले कुन ८० जना विद्यार्थीहरूलाई नमुना सर्वेक्षणका रूपमा समावेश गरी गरिएको सर्वेक्षणमा ८० जना विद्यार्थीहरूबाट प्राप्त प्राप्ताङ्क ४५४ रहेको छ । यसको मध्यमान ५६.७५ प्रतिशत रहेको छ । उल्लिखित यसै मध्यमान र अनुसन्धानका विभिन्न तथ्यलाई आधार मानेर निम्नानुसार निष्कर्ष निकालिएको छ :

क) समग्र विद्यार्थीहरूको चिठी लेखन क्षमताको प्रतिशताङ्क गणना गर्दा ५१.२५ प्रतिशत विद्यार्थीहरूले ६० प्रतिशतदेखि माथि चिठी लेखन क्षमता मापन गराउन सफल देखिएकाले कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको चिठीलेखन क्षमता उच्च दक्षतातर्फ उन्मुख हुनु राम्रो देखिन्छ ।

ख) सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको चिठी लेखन क्षमताको स्तर निर्धारण गर्दा ५० प्रतिशत विद्यार्थीहरू ४० प्रतिशत देखि माथि चिठी लेखन क्षमता मापन गराउन सफल देखिनु सामुदायिक विद्यालयका समस्त विद्यार्थीहरूको चिठी लेखन क्षमता सन्तोषजनक देखिन्छ ।

ग) संस्थागत विद्यालयका विद्यार्थीहरूको चिठी लेखन क्षमताको स्तर निर्धारण गर्दा ७० प्रतिशत विद्यार्थीहरू ६० देखि ७९ प्रतिशत भित्र चिठी लेखन क्षमता मापन गराउन सफल देखिनुले संस्थागत विदालयका समस्त विद्यार्थीहरूको चिठी लेखन क्षमता उच्च स्तरको देखिन्छ ।

घ) t- परीक्षण गणना तालिकाको आधारमा मध्यक मान सामुदायिकको ५ र संस्थागतको ६.३५ हुँदा संस्थागतको अङ्क बढी देखियो भने स्तरीय भिन्नतामा सामुदायिक र संस्थागत क्रमश १.३७ र १.१७ देखिनुले सामुदायिक राम्रो देखियो जहाँ t- परीक्षण गर्दा दुवै विद्यालयका विद्यार्थीहरुको चिठी लेखन क्षमता एउटै नरहेको देखियो ।

ङ) सामुदायिक र संस्थागत विद्यालयको भिन्नताको गुणाङ्क मान तालिकाको आधारमा सामुदायिक र संस्थागत विद्यालयको मध्यिका मान क्रमशः ४.५ र ६.५ देखिदा सामुदायिकभन्दा संस्थागतको अङ्क बढी देखियो भने भिन्नताको गुणाङ्कको आधारमा सामुदायिक र संस्थागतको क्रमशः ०.२७ र ०.१८ देखिदा संस्थागतभन्दा सामुदायिक विद्यालयको विद्यार्थीहरुको चिठी लेखन क्षमता राम्रो देखिएको छ ।

च) भाषिक पृष्ठभूमिको आधारमा नेपाली मातृभाषी विद्यार्थीहरूको चिठी लेखन क्षमताको स्तर निर्धारण गर्दा ४५ प्रतिशत विद्यार्थीहरू ६० प्रतिशत देखि माथि चिठी लेखन क्षमता मापन गराउन सफल देखिनुले नेपाली मातृभाषी विद्यार्थीहरूको चिठी लेखन क्षमता उच्च दक्षतातर्फ सुधार उन्मुख रहेको छ ।

छ) भाषिक पृष्ठभूमिको आधारमा नेपाली विमातृभाषी विद्यार्थीहरूको चिठी लेखन क्षमताको स्तर निर्धारण गर्दा ५७.५ प्रतिशत विद्यार्थीहरू ६० प्रतिशतदेखि ७९ प्रतिशत भित्र पर्नु नेपाली विमातृभाषी विद्यार्थीहरूको चिठी लेखन क्षमता उच्च दक्षतातर्फ उन्मुख देखिन्छ ।

ज) भाषाको आधारमा t- परीक्षण गणना तालिकाबाट हेर्दा मातृभाषी विद्यार्थी र विमातृभाषी विद्यार्थीको मध्यक मान क्रमशः ५.४८ र ५.६८ रहँदा विमातृ विद्यार्थीहरुको चिठी लेखन क्षमता अङ्क बढी देखिन्छ भने स्तरीय भिन्नताका आधारमा मातृभाषी र विमातृभाषी विद्यार्थीहरुको क्रमशः १.४९ र १.३७ देखिदा मातृभाषी अङ्क बढी छ जसमा t- परीक्षण गर्दा दुवै तर्फका बिच एउटै प्रामाणिक अन्तर नरहेको देखिन्छ ।

झ) मातृभाषाी र विमातृभाषी विद्यार्थीको भिन्नताको गुणाङ्क अनुसार हेर्दा मध्यिका मान क्रमशः ५.५ र ६.५ देखिदा विमातृभाषी विद्यार्थीको १ अङ्कले बढी लेखन क्षमता देखिए पनि दुवै तर्फका भिन्नताको गुणाङ्कलाई हेर्दा मातृको ०.२७ र विमातृको ०.२३ देखिदा मातृभाषी विद्यार्थीको चिठी लेखन क्षमता राम्रो देखिन्छ ।

ञ) लिङ्गका आधारमा छात्रा विद्यार्थीहरूको चिठीलेखन क्षमताको गणना गर्दा ६५ प्रतिशत छात्राहरू ६० देखि ७९ प्रतिशतभित्र चिठी लेखन क्षमता मापन गराउन सफल देखिनुले छात्राहरूको चिठी लेखन क्षमता उच्च रहेको छ ।

ट) लिङ्गका आधारमा छात्र विद्यार्थीहरूको चिठीलेखन क्षमताको स्तर निर्धारण गर्दा ४७.५ प्रतिशत छात्रहरू ४० देखि ५९ प्रतिशतभित्र चिठी लेखन क्षमता मापन गराउन सफल देखिनुले छात्रहरूको चिठी लेखन क्षमता सन्तोषजनक देखिएको छ ।

ठ) संस्थागत विद्यालयका छात्राहरूको चिठी लेखन क्षमताको अध्ययन गर्दा ४२.५ प्रतिशत छात्राहरू ६० प्रतिशतदेखि माथि चिठी लेखन क्षमता मापन गराउन सफल देखिएकाले संस्थागत विद्यालयका छात्राहरूको चिठी लेखन क्षमता सुधार उन्मुख देखिन्छ ।

ड) सामुदायिक विद्यालयका २२.५ प्रतिशत छात्राहरू ६० प्रतिशतदेखि माथि चिठी लेखन क्षमता मापन गराउन सफल देखिनुले सामुदायिक विद्यालयका छात्राहरूको चिठी लेखन क्षमता सन्तोषजनक रहेको छ ।

ढ) संस्थागत विद्यालयका छात्रहरूको चिठीलेखन क्षमता अध्ययन गर्दा २७.५ प्रतिशत छात्रहरू ६० प्रतिशतदेखि माथि चिठी लेखन क्षमता मापन गर्न सफल भएकाले संस्थागत विद्यालयका छात्रहरूको चिठी लेखन क्षमता उच्च दक्षतातर्फ उन्मुख देखिन्छ ।

ण) सामुदायिक विद्यालयका छात्रहरूको चिठीलेखन क्षमताको अध्ययन गर्दा १० प्रतिशत छात्रहरू ६० प्रतिशतदेखि माथि चिठी लेखन क्षमता मापन गराउन सफल देखिनुले सामुदायिक विद्यालयका छात्रहरूको चिठीलेखन क्षमता सन्तोषजनक देखिँदैन ।

त) लिङ्गको आधारमा t- परीक्षण गरी हेर्दा छात्रा र छात्रको मध्यक मान क्रमशः ५.१२ र ६.१३ छ जसमा छात्राको लेखन क्षमता राम्रो देखिन्छ भने स्तरीय भिन्नता छात्रा र छात्रको क्रमश १.३२ र १.३७ देखिदा छात्रभन्दा छात्रा नै बढी देखिन्छ तर t- परीक्षण गरी हेर्दा छात्रा र छात्रको सिकाई स्तर एउटै नरहेको पाइयो ।

थ) लिङ्गको आधारमा छात्र र छात्रा विद्यार्थीको भिन्नताको गुणाङ्क तालिका हेर्दा दुवैको मध्यक मान क्रमशः ५ र ६.५ रहेको छ । जसमा छात्राको अङ्क बढी देखिएको छ । भने भिन्नताको गुणाङ्क मान अनुसार छात्र र छात्रा क्रमशः ०.२५ र ०.२२ रहेको हुँदा छात्रको चिठी लेखन क्षमता छात्राकोभन्दा बढी देखिन्छ ।

द) हेटौँडा उपमहानगरपालिका भित्रका सामुदायिक विद्यालयका विद्यार्थीहरूको चिठी लेखन क्षमताको स्तर निर्धारण गर्दा २७.५ प्रतिशत विद्यार्थीहरू ६० प्रतिशत देखि माथि चिठी

लेखन क्षमता मापन गराउन सफल भएकाले नगरभित्रका सामुदायिक विद्यालयका विद्यार्थीहरूको चिठी लेखन क्षमता सन्तोषजनक देखिँदैन ।

ध) हेटौँडा उपमहानगरपालिका भित्रका संस्थागत विद्यालयका ३५ प्रतिशत विद्यार्थीहरू ६० प्रतिशतभन्दा माथि चिठी लेखन क्षमता मापन गराउन सफल देखिएकाले हेटौँडा उपमहानगरपालिका भित्रका संस्थागत विद्यालयका विद्यार्थीहरूको चिठी लेखन क्षमता उच्च दक्षतातर्फ सुधार उन्मुख देखिन्छ ।

न) मनहरी गाउँपालिका भित्रका सामुदायिक विद्यालयका विद्यार्थीहरूको चिठी लेखन क्षमता स्तर निर्धारण गर्दा ५ प्रतिशत विद्यार्थीहरू ६० प्रतिशतदेखि माथि चिठी लेखन क्षमता मापन गराउन सफल भएकाले मनहरी गाउँपालिका भित्रका सामुदायिक विद्यालयका विद्यार्थीको चिठी लेखन क्षमता कमजोर देखिएको छ ।

प) मनहरी गाउँपालिका भित्रका संस्थागत विद्यालयका विद्यार्थीहरूको चिठी लेखन क्षमता स्तर निर्धारण गर्दा ३५ प्रतिशत विद्यार्थीहरू ६० प्रतिशतदेखि माथि चिठीलेखन क्षमता मापन गराउन सफल भएकाले मनहरी गाउँपालिका भित्रका विद्यालयका विद्यार्थीहरूको चिठी लेखन क्षमता उच्च दक्षतातर्फ उन्मुख देखिन्छ ।

## सुझावहरू

क) माध्यमिक तहको परीक्षामा समावेश गरिने नेपाली विषयको प्रश्नपत्रमा चिठीलेखन सम्बन्धी प्रश्नलाई ऐच्छिक नगरी अनिवार्य गरिनुपर्दछ ।

ख) नेपाली दोस्रोभाषी विद्यार्थीहरूलाई लिखित अभिव्यक्तिकलाको शिक्षण गर्दा पहिलो मातृभाषी विद्यार्थीलाई भन्दा बढी ध्यान दिइनुपर्दछ ।

ग) नेपाली भाषा शिक्षणका क्रममा लिखित अभिव्यक्ति शिक्षणलाई विशेष जोड दिनुपर्दछ ।

घ) चिठी लेखनको सामान्य ढङ्ग, ढाँचा, विषयवस्तुको आदि, मध्य अन्त्यको ढाँचा, शैली सिल्पको तौर तरिका शैक्षिक सामग्रीको उपयोग गरी बढी अभ्यस्त गराउनुपर्दछ ।

ङ) सामुदायिक विद्यालयका विद्यार्थीहरूको चिठीलेखन क्षमता सन्तोषजनक नदेखिएकाले विद्यार्थीहरूमा भाषिक अभिव्यक्ति कलाको विकासका लागि लेखन सीप सम्बद्ध सिपका

प्रतियोगितात्मक प्रस्तुतिहरूको आयोजना गरी लेखन सिपमा सुधार ल्याउन सकिन्छ ।

च) नेपाली पढाउने शिक्षक तालिम अप्राप्त र अन्य विषय पढाउने शिक्षकले नेपाली विषय पढाउने परिपाटीको अन्त्य नगरी लेखन सिपमा सुधार नहुने देखिन्छ ।

छ) संस्थागत विद्यालयहरूमा रटाउने परिपाटीको अन्त्य गरी विद्यार्थीहरूलाई प्रशस्त उदाहरणहरूद्वारा धारणा स्पष्ट पार्दै बुझाइको विकास गरी शिक्षण पद्धतिमा परिमार्जन गर्दै लैजानु पर्ने देखिएको छ ।

ज) विद्यार्थीहरूलाई गृहकार्य बोझको रूपमा नभई पूरक सामग्रीको रूपमा प्रयोग गरी पाठ्यवस्तुको चयन गर्दा उमेर, स्थानियता, लिङ्ग, क्षेत्र जस्ता पक्षलाई ध्यानमा राखी पाठ्यवस्तुको छनोट र स्तरण गरी स्वतन्त्र लेखन अभिव्यक्तिगत सीप सम्बन्धी अभ्यासहरू राखिनु सान्दर्भिक देखिन्छ ।

झ) शिक्षकहरूलाई पुनर्ताजगी तालिम दिई शिक्षण कार्यमा सक्रिय र लगनशील बनाउन शैक्षिक प्रशासकीय सुपरीवेक्षणलाई निरन्तरता दिनुपर्ने देखिन्छ ।

## उपयोगिता

चिठी लेखन लेखनकलाको महत्त्वपूर्ण कार्यकलाप हो । लेखनकला लेखन सिपसँग सम्बन्धित भएकाले चिठी लेखन क्षमता भाषिक सिपसँग प्रत्यक्ष सम्बन्ध राख्दछ । भाषिक सिप अन्तर्गत सुनाइ, बोलाइ, पढाइ र लेखाइ गरी चार सिपहरू हुन्छन् जसमा सुनाइ र पढाइद्वारा बोध हुने भएकाले यसलाई आदानात्मक सिप भनिन्छ भने बोलाइ र लेखाइद्वारा अभिव्यक्ति क्षमता अभिवृद्धि गर्ने हुँदा यसलाई प्रदानात्मक सिप भनिन्छ । प्रस्तुत शोधकार्यको अनुसन्धान पश्चात् यसको पनि भाषिक विषयका क्षेत्रमा उपयोग हुने निश्चित छ । कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको चिठी लेखन क्षमता शीर्षकमा गरिएको यस शोधकार्यबाट निम्नलिखित दुई तरिकाले उपयोगी हुने देखिन्छ :

## नीतिगत उपयोगिता

यस शोधपत्रका नीतिगत उपयोगितालाई निम्नानुसार बुँदागत प्रस्तुत गरिएको छ :

क) यस शोधपत्रले विद्यालय तहमा नेपाली भाषापाठ्यक्रम, पाठ्यपुस्तक निर्माण गर्न उत्प्रेरित गर्दछ ।

ख) पाठ्यक्रमविद्हरूलाई पाठ्यक्रम तयार गर्दा विद्यार्थीहरूको स्तर क्षमताका आधारमा पाठ्यवस्तुको छनोट र स्तरणमा मार्ग दर्शन गर्दछ ।

ग) यस शोधपत्रको अध्ययनबाट भाषा, शिक्षण विधि तथा पद्धतिमा थप अनुसन्धानका लागि उत्साहित गर्दछ ।

घ) प्रस्तुत शोधपत्रको अध्ययनले विद्यालय तहमा चिठीलेखन शिक्षणको आवश्यकता र महत्त्व सम्बन्धी विषयमा स्पष्ट बनाउँछ ।

ङ) चिठी लेखनसम्बन्धी अनुसन्धान गर्न चाहने शोधार्थीहरूका लागि आधार प्रदान गर्दछ ।

च) शैक्षिक नीति निर्माणकर्ताहरूलाई शैक्षिक नीतिनिर्माणका क्रममा सम्बन्धित विषयमा उपयुक्त आधार प्रदान गर्दछ ।

छ) पाठ्युपस्तक लेखनका क्रममा लेखकलाई चिठी लेखन सम्बन्धी ढङ्ग/ढाँचा, संरचना जस्ता कुराहरूको मार्ग प्रस्तुत गर्न सहयोग पुऱ्याउँछ ।

**प्रयोगगत उपयोगिता**

यस शोधपत्रका प्रयोगगत उपयोगितालाई निम्नानुसार बुँदागत प्रस्तुत गरिएको छ :

क) यस शोधपत्रले नेपाली भाषा शिक्षक तथा विद्यार्थीहरूलाई नेपाली भाषाको अध्ययन अध्यापनमा सजग बनाउने देखिन्छ ।

ख) यस शोधपत्रको अध्ययनबाट विद्यार्थीहरूले चिठीलेखनका सिलसिलामा गर्न सक्ने त्रुटिहरूको विषय शिक्षकलाई समयमा नै जानकारी भई निराकरणका उपाय खोज्न सहयोग गर्दछ ।

ग) यस अध्ययनबाट विद्यार्थीहरूको लेखन सिपको विकास गराउँदा भाषिक शुद्धताप्रति सचेत गराउँदै व्याकरण र वर्णविन्यासगत त्रुटिहरू निराकरणका लागि आधार प्रदान गर्दछ ।

घ) चिठी लेखनमा हुने त्रुटिहरू कम गरी माध्यमिक तहमा विद्यार्थीहरूको लेखाइ सिपको स्तरवृद्धिका लागि चिठी लेखनका ढाँचा तौर तरिका सम्बन्धी आवश्यक ज्ञानको बोध गराउनमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सक्ने निश्चित देखिन्छ ।

ङ) यस शोधपत्रको अध्ययनले चिठी लेखनको अभ्यासबाट व्यक्तिको सिर्जनात्मकता, मौलिकता, वाक्यगठन, शब्दभण्डार क्षमता अभिवृद्धि गर्ने जस्ता कला कौशलको विकास गर्नमा उपयोगी हुने देखिन्छ ।